CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आ: ४५

ज्यो. ११८७ R.

अयनांश अनुसार चाडपर्वमा संशोधन

कार्य पत्र : पर्व सुधार बारे मुकुन्दीप पद्धति



Incorporating The Precession Of The EquinoxesInto The Calendar Of Festivals

मिति २०६२/३/१६ को राष्ट्रिय गोष्ठीमा
पेश गरेको कार्यपत्र

प्रस्तुतकर्ता
हरि नारायण मल्ल
का.म.न.पा.
वडा नं-१६
फोन नं ४३५८८०९, ४३६४५३९

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Acc: ४८१/58२

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

परिचय

१) निरयण मिति तिथी

हाल प्रचलित मिति तिथीको व्यवस्थालाई निरयण व्यवस्था भनिन्छ। यसमा सौर संक्रान्ति लाई वरावर ३०° ३०° को १२ भाग लगाई ताराको घेरालाई रासिहरुमा विभाजन गरिएको हुन्छ। यी नै बाट १२ निरयण संक्रान्तिहरु वन्दछ। यी नै १२ सक्रान्तिको आधारको तेस्रो वर्षमा संक्रान्ति नभएको चान्द्र मास वा दुइ औंशी भएको सौर मासको आधारमा 'अधिक मास' लाई निर्धारण गरिन्छ। यसरी चान्द्र महिनाहरु निर्धारण हुदा प्रत्येक पुर्णिमाको सम्वन्ध १ १ संक्रान्तिसंग रहेको हुन्छ। प्रत्येक संक्रान्तिलाई सो संग आवद्ध पुर्णिमाले, तीन वर्ष भित्र, वढीमा १५ १५ दिन अगाडी पछाडी रही, विचमा पार्ने गर्दछ। यसरी हाल प्रचलित मिति तिथिको निरयण व्यवस्थामा संक्रान्ति तथा पुर्णिमा दुवै निरयण नै हुन्छन् अर्थात राशी नक्षत्रसँग बाँधिएका हुन्छन्। हाल प्रचलित पुर्णिमान्त चान्द्र महिनामा सो चान्द्र पुर्णिमा पर्ने नक्षत्र कै नाउ वाट सो महिनाको नाउ राखिएको हुन्छ। सो चान्द्र महिनाको नाउकै आधारमा सौर महिनाको नाउ पनि प्रचलन छ। यसैले चैत्र पुर्णिमा चित्रा नक्षत्रमा पर्छ र सो पुर्णिमाको सम्वन्ध भने वैसाख संक्रान्ति (मेष) संग आवद्ध हुन्छ। यो भयो हाम्रो प्रचलित निरयण मिति तिथी व्यवस्था र सो को राशी नाक्षत्रिय आधार।

२. हाम्रो आर्तव पर्वहरु

यस्तो निरयण मिति तिथीको मापदण्डको आधारमा हामीले, ऋतुमान र तिथी मानले युक्त धार्मिक चाडपर्वहरुलाई मान्दै आएका छौं। माथी उल्लिखित चान्द्र तिथीहरुको आर्तव स्थिति उक्त सक्रान्तिवाट १५ १५ दिन अगाडी पछाडी सर्ने भएतापनि हाम्रा पर्वहरुको ऋतुमान करिव एकै जसो हुन्छ। शारदिय पर्व मानिने हाम्रो वडा दशै करिव करिव शरदऋतुको विचबाट १५/१५ दिन मात्र यता उता पर्न आउँछ। हाम्रा सवै पर्वहरुको ऋतुमान जनाउन वर्षारम्भलाई विषुवतमा राखिन्छ। यो विषुवत पनि लामो अवधिमा चलायमान भएकोले विस्तारै ऋतुहरुको मान प्रचलित निरयण मिती तिथीमा सर्दै जाने हुदा यसवाट युग युगमा नयाँ नयाँ विषुवत तथा अयन संक्रान्तिहरु निर्धारण हुनु पर्ने देखिन आएको छ। यस्तो वसन्त विषुवत र दुई अयन संक्रान्ति गरी जम्मा तीन संक्रान्तिहरुद्वारा हाम्रा सवै पर्वहरु नियन्त्रीत हुने कुरा हाम्रो राष्ट्रिय देवता श्री पशुपतिनाथको मृगरुपको कथाले पनि जनाएको देखिन्छ। उक्त कथामा मृगको सिंग ब्रह्मा, विष्णु र इन्द्रले समाउँदा तीन टुक्रा भएको र सो तीन ठाउँमा स्थापित भएको प्रसंग सुनिन्छ। सिंगको ती तीन टुक्राहरुले विषुवत संक्रान्ति उत्तरायण सक्रान्ति र दक्षिणायन संक्रान्ति गरी तीन संक्रान्तिहरु वनेको र यी संक्रान्तिहरु युग युगमा स्थापित गरिनु पर्ने तथ्यलाई सो कथाले प्रष्टयाको देखिन्छ। (अनुसूचि नं. १ मा हेर्नुहोस्)

वेदाङ्ग ज्योतिषको समयमा ऋतु कै नाउँवाट महिनाहरुको नामकरण हुने भएकोले अयन विन्दुहरु सार्दा पर्वको महिनाको नाउँ परिवर्तन गरिरहन आवश्यक पर्दैन्थ्यो। तर हालको निरयण व्यवस्थामा विषुवत, अयन र सो संग आवद्ध पर्वहरु सर्दै जाने संदर्भमा अयनहरु पनि एक संक्रान्तिबाट अघिल्लोमा सार्दा महिनाहरुको नाउ पनि सार्दै जानु पर्ने कुरा स्पष्ट छ।

फेरि यी पर्वहरुको ऋतुमान र तिथिमान दुवै हुने भएकोले पर्व सार्दा कम्तिमा एक महिना ऋतु सरुञ्जेल पर्खन आवश्यक पर्ने पनि देखिन्छ। यसरी मात्र एउटा पुर्णिमालाई अर्को पुर्णिमामा वा औंशलाई अर्को औंशिमा पार्न उचित हुने प्रस्ताव गरिएको छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

३. पर्व संकान्तिहरु सार्ने यो पहिलो आयाम्

पहिले वेदाङ्ग ज्योतिषको. समयमा अयन विन्दुहरु नक्षत्रको आधारमा निधारण हुने र अयन विन्द सार्दा सो बमोजिम मधु, माधव आदि ऋतुगत् महिनाहरु सारिन्थे । सो बखत संकान्तिको झनझट थिएन । अयनकै आधारमा महिनाहरु ऋतुगत नामका साथ शुरु हुन्थ्ये जस्तैः तप आदि । पछि सिद्धान्त ज्योतिषमा नै पहिलो पल्ट अयन र विषुवत संक्रान्तिहरु पनि मानिन थालियो र अयनको सट्टा विषुवतबाट वर्ष शुरु हुन गएको देखिन्छ । हाल प्रचलित कर्कट र मकरको शुरुलाई अयन संकान्तिहरु कायम भएको विक्रम संवतको शुरुको शताब्धीहरु मात्र निर्धारण भएको पाईन्छ । यसैले हाल प्रस्ताव गरिएको विषुवत र अयन संकान्ति परिवर्तन पहिलो पल्ट भएको मान्नु पर्दछ । निरयण मिति तिथिमा यसरी संकान्तिहरु सार्न र चान्द्र पर्वहरु पनि सार्न यो पहिलो ऐतिहासिक प्रयास गरिएको छ । यसो गरेर मात्र हाम्रा पर्वहरुको ऋतु तिथि मान्यता दुवै जोगाउन सकिने देखिन्छ ।

४.हाल पर्वको संक्रान्ति पुर्णिमा सार्नु पर्ने मुल आधार सायन विषुवत/अयन अघिल्लो संक्रान्ति पुर्णिमामा पारिसकेको कारणले हो ।

जुन जुन संक्रान्ति-पुर्णिमाको क्षत्र भित्र अयन वा विषुवत रहन्छ सोलाई नै विषुवत वा अयन संक्रान्ति पुर्णिमा मान्नु ठिक छ । तर हाल प्रचलनमा रहेको विषुवत/अयन संक्रान्ति-पुर्णिमाहरुमा वास्तविक विषुवत/अयन नरहेकोले यसको उपयोगिता समाप्त भईसकेको स्प्रष्ट हुन्छ ।

यस अर्थमा चैत्र संक्रान्ति फाल्गुण पूर्णिमा हाल विषुवत रहेकोले सो लाई नै विषुवत संक्रान्ति पूर्णिमा मान्नु पर्ने स्प्रष्ट छ । त्यसरी नै पौष संक्रान्ति मंसिर पूर्णिमालाई उत्तरायण पूर्णिमा (स्वस्थानी पूर्णिमा) र आषाढ संक्रान्ति जेठ पूर्णिमालाई दक्षिणायन संक्रान्ति पूर्णिमा (गुरु पूर्णिमा मान्न उचित देखिन्छ) चित्र नं. १

५. सबै पर्वहरु अयन सँग बाँधिएको छ भन्ने कुरा यी पर्व विकास भएको वेदाङ्ग ज्योतिषलाई सम्झनु पर्दछ । यस सम्बन्धमा केही उदाहरणहरु तल दिईन्छ ।

(क) उत्तरायण आरम्भबाट नै चान्द्र वर्ष आरम्भ गरिन्थ्यो । माघ सुक्ल प्रतिपदा र उत्तरायण आरम्भ एकै पटक भएको मानिन्थ्यो । यसबाट अयन र चान्द्र पर्वहरु जोडिएको स्पष्ट हुन्छ । सो वखत अयनलाई अश्लेषको बीचमा मानिन्थ्यो । पछि बराह मिहिरले विक्रम सम्वत ५६२ मा कर्कट संक्रान्तिमा सो अयनलाई सारेको वृहद संहितामा उल्लेख छ ।

(ख) सो उत्तरायण आरम्भ वा वर्ष आरम्भबाट तीन महिना तीन तिथी र नौं महिना नौ तिथीलाई विषुवत मानि कुरा वेदाङ्ग ज्योतिषमा उल्लेख भएबाट अक्षय तृतिया र कुष्मान्ड नवमी पर्वहरु निर्धारण भएको देखिन्छ । यसरी उत्तरायण आरम्भ को आधारमा अन्य पर्वहरु जोडिएको पाइन्छ ।

(ग) गुरु पूर्णिमालाई वर्षा ऋतुको आरम्भ र वर्षा वास भनी संन्यासीहरु घुम्न छाडदथे । यो पूर्णिमा नै दक्षिणायन आरम्भ मानिन्थ्यो । हाल पनि दक्षिणायन आरम्भ मानिने साउने संक्रान्तिसँग आवद्ध आषाढ पूर्णिमा लाई गुरु पूर्णिमा मानिएको हुँदा गुरुको पूर्णिमाको तात्पर्य दक्षिणायन आरम्भ भएको स्पष्ट हुन्छ ।

(घ) बसन्त नवरात्र र शारदीय नवरात्र मानिने चैत्रे दशै र बडादशैंलाई ऋतुसंग बाँधिएको हुँदा पर्वहरुको ऋतुसंग वा अयन सँग सिधा सम्वन्ध रहेको स्पष्ट हुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हाल गोष्ठीको मुल विषयः-

नयाँ फलदायी विषुवत संक्रान्ति-पूर्णिमा तथा अयन संक्रान्ति-पूर्णिमा कायम गरी सवै पर्व सुधार हुन पर्दछ । उदाहरणार्थः-

दक्षिनायन आरम्भ संक्रान्ति र दक्षिणायन आरम्भ पूर्णिमा सम्वन्धी आवश्यक अयनांशीय निर्णय प्रस्तावनाः

प्रचलित अयन संक्रान्ति पूर्णिमा द्वयको क्षत्रलाई अयनले छाडीसकेकोले सो मानी राख्दा धार्मिक फल पुरा प्राप्त हुन सक्दैन । अयन सहितको फलदायक नयाँ अयन संक्रान्ति-पूर्णिमा द्वय मान्ने प्रचलन शुरु गर्न आवश्यक छ ।
स्थायी दक्षिणायन आरम्भ संक्रान्ति-पूर्णिमा होइन, आषाढ संक्रान्ति हुनुपर्दछ । दक्षिणायन आरम्भ पूर्णिमा आषाढ पूर्णिमा होइन, जेष्ठ पूर्णिमा हुनुपर्दछ ।

१. दक्षिणायन संक्रान्ति आषाढ संक्रान्तिलाई मान्दा दक्षिणायन घटना हुने आषाढ ७ बाट ६,७ दिन मात्र फरक पर्ने तथा भविश्यमा झन झन नजिक पर्दै जाने हुन्छ भने हाल मानिरहेको श्रावण १ भने २४ दिन फरक परिसकेको र सो भन्दा भविश्यमा वढ्दै जाने पनि देखिन्छ ।

२. प्रचलित आषाढ पूर्णिमामा पर्ने गुरु पूर्णिमा हाल गुरु वृहस्पति र निजको पत्नी तारको सम्वन्ध विवच्छेद भैसकेको भान पर्दछ । ताराको सोझो पर्ने मिति हाल आषाढ ७ मा रहेको छ भने, हालको गुरु पूर्णिमा रहने तिथि आषाढ पूर्णिमा भने सधै आषाढ १५ भन्दा पछि नै पर्दछ । यसरी छुटन गई सकेको सम्वन्ध फेरी अव २५,००० वर्ष पछि मात्र जुटन जाने देखिन्छ ।

३. दक्षिणामूर्ति भनि पूजा गरिने गुरु पूर्णिमा दक्षिणायन विन्दुको आसपास हुनुपर्ने हुदा सो लाई जेष्ठ पूर्णिमाको रुपमा माने मात्र आसपास हुन जान्छ भनि यसरी सो पर्व फलदायी हुन जान्छ । यसरी नै सो पर्व फलदायी हुन जान्छ ।

४. एकिकृत संक्रान्ति- पूर्णिमा क्षत्रको परिभाषा

(क) वैसाख संक्रान्ति र चैत्र पूर्णिमा दुई लाई एकिकृत गरी विषुवत संक्रान्ति पूर्णिमा भनि परिभाषित गरिन्छ ।

(ख) एकिकृत आषाढ संक्रान्ति जेष्ठ पुर्णिमा क्षत्रः-

जेष्ठ १६ देखि आषाढ १५ संमको अवधीलाई एकिकृत आषाढ संक्रान्ति पुर्णिमा क्षत्र भनी परिभाषित गरिन्छ ।



(ग) एकिकृत श्रावण संक्रान्ति आषाढ पुर्णिमा क्षत्रः-

आषाढ १६ देखि श्रावण १५ सम्मको अवधिलाई एकिकृत श्रावण संक्रान्ति पुर्णिमा क्षेत्र भनि परिभाषित गरिन्छ ।



५. फलदायी एकिकृत दक्षिणायन संक्रान्ति पूर्णिमाः-

जुन एकिकृत सक्रान्ति पुर्णिमा क्षत्र भित्र सायन दक्षिनायण विन्दु पर्दछ सो नै फलदायी दक्षिनायण सक्रान्ति पुंर्णिमा हुनेछ ।

एकिकृत आषाढ संक्रान्ति जेष्ठ पुर्णिमा क्षत्र भित्र सायन दक्षिनायण (आषाढ ७ गते) पर्ने हुदा आषाढ संक्रान्ति जेष्ठ पुर्णिमानै फलदायी दक्षिणायण संक्रान्ति पुर्णिमा (गुरु पुर्णिमा) वन्न सक्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(चित्र १)

वि.सं. २०६१/०६२ को अयन संक्रान्ति र अयन पूर्णिमाको वास्तविक अयन संगको अन्तर सम्वन्धले पर्वहरुको असामञ्जस्यतालाई स्पष्ट पार्दछ।

१. किन निरयण उत्तरायण विन्दु पौष संक्रान्तिमा सार्न पर्ने ?

हाल माघे संक्रान्तिलाई निरयण उत्तरायण आरम्भ विन्दु भनिन्छ। भोलि गएर पौष संक्रान्तिमा उत्तरायण पुग्नेछ। हाल देखि नै पौष संक्रान्तिलाई उत्तरायण विन्दु मान्न आवश्यक भईसकेको छ। किनकी माघे संक्रान्ति २४ दिन टाढा र पौष संक्रान्ति ६ दिन मात्र वास्तविक उत्तरायणन विन्दु वाट टाढा पर्दछ। त्यसै मंसिर पूर्णिमाले वास्तविक उत्तरायण आरम्भ विन्दुलाई आफ्नो क्षेत्रमा लिइसकेको छ।



२. किन दक्षिणयन निरयण संक्रान्ति श्रावण संक्रान्तिवाट आषाढ संक्रान्तिमा सार्न पर्ने।



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स्थायी अयन, वर्षारम्भ तथा पर्वहरु १ महिना अगाडी सार्ने बारे संक्षिप्त जानकारी

(पत्रकार सम्मेलन २०६१ चैत्र ४ गते)

हाम्रो समस्या (चित्र नं.)

१) माघे संक्रान्ति र श्रावण संक्रान्ति जस्ताः स्थाई अयन विन्दुहरु, वास्तविक वा चलायमान अयन विन्दुवाट करिव २४ दिन पछाडि परि हाम्रो पर्वको स्थितिलाई असजिलो पारेको छ ।

(२) उपरोक्त स्थाई तथा चलायमान (निरायण र सायन) अयन विन्दुहरु फरक फरक पूर्णिमाहरुको विचरण क्षत्र भित्र पर्ने भएकोले यी दुइ विन्दुको चान्द्रीय सामन्जस्य भंग भइ सकेको छ ।

सामाधान कस्तो चाहियो ?

हाल प्रचलित अधिकमास प्रथामा संक्रान्ति को सहयोगवाट चान्द्र तिथि तथा सौर मितिको आर्तव (ऋतु सम्वन्धि) सामन्जस्य कायम राख्ने व्यवस्था उत्कृष्ट छ । यो व्यवस्था कायमै राखी पर्वहरुको आर्तव मानलाई अयनांशको असरवाट जोगाउने गरी समाधान चाहिएको छ । अर्थात प्रचलित पर्वहरुको आर्तवमानलाई (ऋतु स्थितिलाई) पुनर्स्थापना हुदै जाने व्यवस्था प्रतिपादन गर्न परेको छ ।

समाधान के हो ?

(क) अयन चलनलाई समाधान गर्न हाल अगाडि सारिएका प्रस्तावहरुले प्रचलित उत्कृष्ट व्यवस्थालाई भंग गरेर समाधान खोजेका छन् । यिनहरु ग्राह्य छैनन् ।

(१) पश्चिममा प्रचलित किसिमको सायन व्यवस्थाले तिथी नै हटाउने प्रस्ताव गर्दछ । यो हाम्रो विकसित धर्मको लागि गंभिर खतरा हो ।

(२) सुधारिएको पुरानो पंच वर्षिय युग भएको वेदाङ्ग ज्योतिषले,

(क) यस व्यवस्थामा पनि स्थिर वा निरयण अयन लाई छाडेर सायन गरिन्छ ।

(ख) एउटै पर्वलाई दुई चाँद्र महिनाको उही तिथी पनि पर्दछ । जस्तै उत्तरायण पुर्णिमा कहिले चांद्र पौषमा कहिले चांद मंसिर पर्दछ ।

(ख) नयां वालमुकुन्द मासद्धारा समाधान गर्ने प्रस्तावले भने चाहिएको समाधान दिन्छ । यसमा करीव २१५० वर्षमा, जव दुई संक्रान्तिको विचमा चलायमान अयन (सायन अयन) पुग्दछ, सो पछिको नयाँ शताव्धीको पहिलो अधिक मास लाई नमनाई सो लाई वालमुकुन्द महिनामा परिणत गरी पर्वहरुको आर्तव स्थिति १/१ महिनामा अगाडि सारी पुनस्थापना गरिन्छ । यसमा सायन निरयण दुवैको समन्वय गरिन्छ ।

हाल को स्थितिमा यो सुधार करिव ५०० वर्ष अगाडि देखिनै प्रयोग गर्न पर्ने देखिएकोले तत्काल लागू गर्न मिल्ने देखिन्छ । र वि.सं. २०६४ साल लाई नै वालकुमुन्द वर्ष घोषण गर्न प्रस्ताव गरिएको छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सायण निरयनको निरन्तर समन्वय राख्ने नयाँ उत्कृष्ट "वाल मुकुन्द" पद्धति

पद्धतिको परिभाषा:
चलायमान वा सायन अयन जुन जुन संक्रान्तिको नजिक पर्दछ सोही सोही संक्रान्तिमा स्थाई वा निरयण अयन निर्धारण गर्नु उचित देखिन्छ । यसो गर्दा उक्त स्थाई वा निरयण अयन संग संवन्ध राख्ने पुर्णिमाको क्षत्र भित्र उक्त सायन अयन पनि पर्ने गर्दछ । र तीन वर्षको अवधिमा उही पूर्णिमाले दुवै सायन र निरयण अयनहरुलाई कम्तिमा एक पटक छुनेछ । (चित्र नं.)

धार्मिक आधार (चित्र नं.):-
यसरी स्थाई अयन निधारण गर्दै जान पर्ने कारण ज्योतिष शास्त्रसंग आवद्ध अध्यात्मिक वा धार्मिक पक्ष पनि हो । यस पद्धतिवाट अयानांशद्वारा वदली राख्ने ध्रुव, सूर्य र चन्द्रको समन्वय युग युगमा हुदै जाने हुदाँ यि पिण्डहरुसंग सिधै सम्पर्क भएको मानिने त्रिमुर्ति ईश्वरका उपाधी व्रहमा, विष्णु र शिवमा एकता आई पर्वहरुको यथोचित धार्मिक फल प्राप्त हुने देखिन्छ । यही एकता पश्चात नै श्रीकृष्णको "विश्वरुपको दर्शन" पुरुषोत्तम महिनावाट प्राप्त हुने सिद्ध हुन्छ ।

ज्योतिष आधार
उपरोक्त पद्धतिको गणित वा ज्योतिष आधार भने प्रचलित आधिक मास द्वारा चान्द्रपर्वको आर्तव स्थिति पुनर्स्थापना गर्ने प्रचलित पद्धति अनुरुप नै हो । यि दुवै पद्धतिको प्राकृतिक संवन्ध छन् । किनकी प्रचलित विना संक्रान्तिको अधिक मास वाट नै उपरोक्त स्थाई वा निरयण अयन सँग सम्वन्ध राख्ने पुर्णिमाको १५ दिन अगाडि पछाडिको विचरण आउँछ । यहि विचरणको आधारमा चलायमान वा सायन अयन सिमित रहुन्जेल एक मात्र स्थिर अयन मानि सो पछि स्थिर वा निरयण अयनलाई एक संक्रान्ति बाट अर्कोमा सार्न पनि अधिक मास कै सहयोग वाट सजिलै समाधान हुने देखिएको छ ।

वालमुकुन्दको नामाकरणको आधार
धार्मिक प्रचलन अनुसार अधिक मासलाई श्री कृष्णको विश्वरुपको आधारमा 'पुरुपेत्तम' महिना भनिन्छ । २१/२२ शताव्धिमा आर्तव स्थिति मिलाउन अयन तथा पर्वहरु १ महिना अगाडी सार्दा एक अधिक मासको सहयोग लिन पर्ने हुन्छ । यस्तो सहयोग मार्कण्डय ऋषिले दर्शन पाएका श्री कृष्णको मन्वन्तर परिवर्तन संग संवन्धित वहरको पातमा सुतिरहेको "वालमुकुन्द" रुपको आधारमा लिएका थिए । यसरीनै जुन शुद्ध तथा अधिक मासलाई रुपान्तरित गरि दुई शुद्ध माससमा परिणत गरिन्छ सो मध्य पहिलो मासलाई "वालमुकुन्द" नामकरण हुन उचित देखिएको छ । यही वालकुमुन्द महिनाको आधारमा अयन तथा पर्वहरुलाई एक महिना अगाडि सार्न सकिने देखिएको छ ।
पहिले प्रयोग हुने वेदान्त ज्योषितमा पनि ३८ वर्षमा १४ वटा मात्र अधिक मास मानेर एक अधिक मासलाई छाडने प्रथा रहेको प्रमाणित हुन आएको छ । यस को चर्चा ज्योतिषाचार्य श्री नय राज पन्तज्यूले "लिच्छवि सम्वतको निर्णय" नामक पुस्तकमा गर्नु भएको छ ।

विषय: **वर्षारम्भ तथा पर्वहरु १ महिना अगाडी सार्नेवारे प्रश्नोत्तर ।**

१. वर्षारम्भ वैशाख बाट चैत्रमा किन सार्न पर्ने ?
दिन रात वरावर हुने समयलाई सम्पात वा विषुवत भन्दछन् । यस्ता दुई विन्दुहरु छन् । वसन्त सम्पात र शरद समपात । विक्रम सम्वत वसन्त सम्पात वाट शुरु हुन्छ । हाल वसन्त सम्पात वैशाख १ वाट १५/१६०० वर्षमा चैत्र ६ मा सरिसकेको छ । चैत्र ६ वाट वैसाख १ चौविस दिन

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

फरक पर्छ भने चैत्र १ वाट ६ दिन मात्र फरक पर्छ । नव वर्ष संक्रन्ति वसन्त सम्पातको नजिक पार्न चैत्रवाट वर्षरम्भ गर्न आवश्यक छ ।
यही कुरा महसुस गरी भारत सरकारले ४८ वर्ष अघिवाट चैत्र १ मा वर्षरम्भ सारेको छ । सन् १९५७ देखि नया शक सम्वत शुरु गरी चैत्र १ वाट सरकारको तर्फवाट लागु गरिएको छ ।

२. वर्षारम्भ वाहेक अन्य के के सार्न पर्छ ?
क) प्रथमत: अयन संक्रान्तिहरु सार्न पर्छ । हामीले मानि आएको माघे संक्रान्ति र श्रावण सक्रान्ति दुई अयन सकान्ति हुन् । माघे सकान्ति वाट उत्तरायण र श्रावण सकान्ति वाट दक्षिनायण शुरु हुन्छ भनिन्छ । तर हाल पौष ६ र आषाढ ६ वाट उत्तरायण दक्षिनायण हुने गर्दछ । नजिकको संकान्तिलाई अयन संकन्ति मनाउन उचित हुने हुँदा पौष संकान्तिलाई उत्तरायण संकान्ति र आषाढ संकान्तिलाई दक्षिनायण सकान्ति मानेमा प्रत्यक्ष घटनावाट ६ दिन मात्र फरक पर्छ । २४ दिन फरक पार्नु भन्दा ६ दिन फरक पार्नु वुद्धीमानी हुन्छ ।
ख) द्वितीय : उपरोक्त अनुसार श्रावण संकान्तिवाट आषाढ सक्रान्तिमा सर्दा आर्थिक वर्षपनि सोही नियम वमोजिम सार्न पर्दछ ।
ग) तृतीयमा सवै चान्द्रपर्वहरु पनि एक महिना अगाडि सार्नु पर्छ । हामीले मानि आएको सवै चान्द्रवर्षहरुको तिथिको मात्र महत्व नभई ऋतु सँगपनि गाँसिएको हुन्छ । जस्तै वडा दशै आश्विन सुक्ल दशमी भन्ने वित्तिकै दशमी तिथिको अलावा आश्विन महिनाको आतर्व वा ऋतुमान हुन्छ । यसैले हाम्रो दशै सधै सरद सम्पातकै हाराहारीमा पर्छ । यसैले ऋतु सर्दा पर्वपनि स्वत: सार्न पर्ने हुन्छ ।
३. माथी उल्लेख भएका सौर तथा चान्द्र पर्वहरु पुरै एक महिनाऋतु सरे पछि ऋतु सारे हुँदैन ?
हाल एक महिना ऋतु सर्न अझै ६ दिन वाँकी भएको वुझिन्छ ।
क) हाम्रा पर्वहरु अंग्रेजी प्रचलन जस्तै खालि सौरमान मात्र भए त्यो पनि मिलथ्यो होला । हुनत अंग्रेजी क्यालेण्डर (जसलाई ग्रेगोरियन क्यालेण्डर भन्दछन्) मा वर्षेनी ऋतुसंग मिलाइन्छ । यसैले उनिहरुको २१ मार्चमा संधै वसन्त सम्पात पर्छ र २१ डिसेम्वर संधै सवै भन्दा छोटो दिन पर्छ ।
ख) हामीहरुको पर्वहरु सौर मात्र नभई चान्द्रमान भएको र चान्द्र तिथीहरु आफ्नो आर्तव वा सौर मानवाट १५ दिन अगाडी पछाडी विचरण हुने हुंदा सौरमान वाट १५ दिन भन्दा वढी सर्ने वित्तिकै अर्को महिनामा सार्न आवश्यक पर्छ । यसैले सौर चन्द्र दुवै मान राख्न वर्षरम्भलाई वसन्त सम्पात १५ चैत्र भन्दा तल झर्दा चैत्र १ मा सार्नपर्ने र उत्तरायण विन्दु पौष १५ भन्दा तल झर्दा पौष १ मा सार्न पर्ने हुन्छ । यसरी तल झर्दा वसन्त समपात चैत्र पुर्णिमावाट फाल्गुण पुर्णिमाको क्षेत्रभित्र र उत्तरायण विन्दु पौष पुर्णिमाको क्षेत्र वाट मंसिर पुर्णिमाको क्षेत्र भित्र प्रवेश गर्दछन् । यसैले चन्द्रमान कायम राख्न अघिल्लो संकान्तिमा सार्न आवश्यक हुन्छ । नत्र आर्तव घटना र पर्व अलग अलग चान्द्र महिना पर्न जान्छन् । उदाहरणार्थ २०६१ को स्वस्थानी पर्व ।

४. ऋतु यसरी किन सर्छ ? कसरी सर्छ ? कुनै नियम छ ?
यसको कारणलाई ज्योतिषीहरु अयनांश भन्छन् । वैज्ञानिकहरु यसलाई Precession of the equinoxes भन्दछन् । यसले पुरा चक २५८०० वर्षमा घुमेको मानिन्छ । यसवाट करीव २१५० वर्षमा ऋतु १ महिना अगाडी सर्छ । यसको कारण पृथ्वीको ढल्केको धुरले विस्तारै दिशा वदलेको हो भनिन्छ । हामीले लट्टु घुमेको देखेका छौं । लट्ट आफ्नो अक्षमा घुम्नुको अलवा अक्षको ढल्काई पनि विस्तारै घुमेको देख्दछौं । यही ढल्काईको दिशा वदलिदा पृथ्वीमा हुने ऋतु स्थिति पनि पुरै वर्ष भरि घुम्छ भनिन्छ । यसैले १२ हजार वर्ष पछि पुष/ माघ गर्मी महिना हुन्छ र आषाढ/ श्रावण जाडो महिना हुन्छ भनिन्छ ।

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यस क्रममा ध्रुवतारा पनि अलग अलग तारा हुन्छ भनिन्छ। हालको ध्रुव Polaris नाउँको तारा छ भने ३००० वर्ष अगाडीको ध्रुव तारा Alpha Draconis वा Thuban थियो। १२००० वर्ष पछि अभिजित (Vega) भन्ने तारा ध्रुव हुन्छ। यो अयनांशकै कारणले हो।

५ यो नया परिवर्तन कहिले सम्म मा लागु गर्न मिल्छ ?

दुई तिन वटा गोष्ठी सम्मेलन गरी सकेपछि मात्र यो परिवर्तन लागु गर्न उचित देखिएको छ। हाल आषाढ ५/६ मा पहिलो गोष्ठी गरींदैछ। यो गोष्ठी पञ्चाङ्ग निर्णयक समितिको "अयन, वर्षारम्भ एवं पर्वहरु सुधार आयोजना उप-समिति" वाट सम्पन्न हुँदैछ।

हाल हाम्रो सौर चन्द्र हिसाव मिलाउने प्रचलन लाई अधिक मास वा पुरुषेत्तम महिना भनिन्छ। आगामी पुरुषोत्तम महिना २०६४ साल आषाढमा पर्न आउछ। सोहि पुरुपोत्तम महिनाको सहयोगवाट पर्व १ महिना अघाडी सार्न मिल्ने देखिन्छ। हाल उक्त वर्ष २०६४ लाई वालमुकुन्द वर्ष र पर्व सार्ने २०६४ को जेष्ठ आषढ सौर महिनामा पर्ने पहिलो चान्द्र जेष्ठ महिनालाई वाल मुकुन्द महिना भनी मनाउने प्रस्ताव गरिएको छ।

हालको नया वर्षारम्भ, अयन सक्रान्तिहरु र पर्व सार्न उपयुक्त समय भने ५०० वर्ष अगाडीनै थियो। करीव ४०० वर्ष अगाडी देखि पाटनको रातो मत्छेन्द्रनाथलाई वुङ्गमतिवाट ६ महिनाको लागि पाटन ल्याई राख्ने चलन रहेको वुझिन्छ। पहिले वुङ्गमति राखिएको चाही १२०० वर्ष भन्दा वढी भएको देखिन्छ। यसरी ४०० वर्ष देखि पाटन र वुङ्गमति ६/६ महिना राख्ने चलन भएकोमा पनि मंसिर मसान्त सम्ममा पाटन ल्याउने र साधारणतया जेष्ठ मसान्त भित्र वुङ्गमति लैजाने गरेकोले यस पर्वले भने शुरु देखिनै हाल प्रस्तावित प्रत्यक्ष अयन अनुसार पौष सक्रान्ति र आषाढ सक्रान्तिमा स्थीर अयनलाई सुधार गरी सकेको देखिन्छ।

शताब्दीयौ देखि चलि आएको यही हाम्रो राष्ट्रीय पर्व अनुसार हामीले तत्काल आर्थिक वर्ष सुधार गरेमा पनि हाम्रो अर्थ तन्त्रमा सुधार हुन सक्छ। समयमा वर्षा गरायर हाम्रो अर्थ तन्त्रको प्रतिकको रुपमा रहेको मच्छेन्द्रनाथको अनुसरण गरिएमा, हाल हाम्रो अर्थ तन्त्र सुधार हुने देखिन्छ। यसरी वास्तविक अयन समायर हाम्रो सामाजिक तथा राजनैतिक स्थितिले पनि सही दिशा पाउन सक्छ भन्दा अत्युक्ति नहोला।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

)

अयनांश अनुसार युगान्तरमा चाडपर्व सुधार गर्ने प्रस्तावित नयाँ स्थाई पद्धति

(Incorporating the Precession of the equinoxes in to the Calendar of Festivals).

आयनांश (Precession) संबन्धी ज्ञानको फाइदाबाट जनसाधारणलाई वञ्चित नगरौं ।

हिन्दू चाडपर्वहरूमा अयनांशको प्रयोग गर्दै जाऔं ।

१.परिचय :-

हाल प्रचलित सौर्य संवतहरूलाई राशिसापेक्ष (निरयण) वर्ष (Sidereal Year) र अक्षसापेक्ष (सायन) वर्ष (Tropical Year) मा विभाजन गरिएका छन् । विक्रमसम्वत राशिसापेक्ष हो भने इशाई संवत् (Gregorian Calender) अक्षसापेक्ष हो । राशिसापेक्ष वर्षको मान ३६५ दिन ६ घण्टा ९ मिनेट १० सेकेन्ड हुन्छ भने अक्षसापेक्ष वर्षको मान ३६५ दिन ५ घण्टा ४८ मिनेट ४६ सेकेन्ड भई २० मिनेट २४ सेकेन्डको फरक पर्दछ । अक्षसापेक्ष वर्ष अयनांश सँगसँगै सर्ने हुँदा यसमा उत्तरायण, दक्षिरायण सधैं एकै मितिमा पर्दछ । अर्थात उत्तरायन सधैं डिसेम्वर (हाल पौष ७ गते) र दक्षिणायन २१ जुनमा (हाल असार ७ गते) पर्दछ । विक्रमसंवत्मा भने अयनपरिवर्तन हुने मिति एकै नभई युगान्तरमा वदलिने गर्दछ । यसैलाई अयनांश परिवर्तन भनी हाल विक्रमसंवत २०६१ सालमा २३° ५३' १८" अयनांश मानिन्छ । अयनांश भन्नाले हामीले अनुभूति गर्ने ऋतुहरूले धैरै लामो समयमा अर्थात् हरेक ७० वर्षमा १/१ दिन पर्छाडि सर्ने प्रकृयालाई जनाउँदछ । उदाहरार्ण हजारौं वर्ष पहिले सूर्यको श्रावणस्रक्रान्तिमा दक्षिणायन शुरू हुन्थ्यो । तर हाल आएर सूर्यले आषाढ ७ गते दक्षिणायन हुन शुरू गर्दछ । श्रावणसक्रान्तिवाट करिव २४ दिन अगाडि सरीसकेको छ र सर्दै पनि गइरहने छ । हामीले आजसम्म सो घटनालाई भने श्रावणसङ्क्रान्ति नै मान्ने गरेका छौं । यसलाई निरायण दक्षिणयन अयन मन्न सकिन्छ ।

अयनांश तथा हाम्रा अधिकांश धार्मिक चाडपर्वहरूको सम्वन्धलाई गुरूपूर्णिमाद्वारा सिद्ध गर्न सकिन्छ । देवीदेवताहरूको गुरू वृहस्पति भएकाले सवै चाडपर्वको गुरू पनि गुरूपूर्णिमा नै मान्न सकिन्छ भन्दा अत्युक्ति नहोला । मुलतया यस पर्वको सम्वन्ध वार्षिक अयनपरिवर्तनसंग छ । अर्थात् यसले उत्तरायणको अन्त दक्षिणरायको प्रारम्भलाई जनाउँछ । यस दिन 'दिनमान' सबै भन्दा लामो हुने गर्दछ र रात चाहिं सवभन्दा छोटो । सवैभन्दा लामो दिन करिव ७० वर्षमा एक एक दिन पर्छाडि सर्दै जान भएकोले यस परिवर्तनलाई 'अयनांश' को नाउँले ज्योतिषीले व्यक्त गरेका छन् । यहि अनुसार हाम्रो नेपालमा आर्थिक वर्ष पनि श्रावण १ गतेदेखि आषाढमसान्तसम्म मान्ने चलन चलिआयको हो । सौर पर्वको रूपमा हामीहरूले श्रावणसङ्क्रान्ति मान्दै आएकाछौं । यसै पर्वलाई तिथिको रूपमा मान्दा गुरूपूर्णिमा मान्दछौं । यसको सौर सम्वन्धी मान्यता आषाढमसान्त हुन आउँछ ।

२. गुरूको अर्थ

अयनांशको उपरोक्त सत्यले हामीलाई संङकटमा पारेको छ । यस पर्वको तिथिलाई हामीले अपनाइराखेका छौं तर अयनांशले भने थाहा नपाउने गरी सो पर्वको सौरमानलाई धेरै अगाडि (२४ दिन) सारिसकेकोछ । यसको समाधानको लागि आज हामीले विशेष विवेचना गरी यथोचित कदम चाल्न ढिलाई नगर्नु नै समयको माग छ । उदारणार्थ गुरूपूर्णिमा विवेचना गरौं । देवताको गुरूलाई वृहस्पति भन्निछ । यस प्रसंङ्गमा 'वृहस्पति' भन्नाले वृहस्पति ग्रहलाई नजनाई पृथ्वीको 'धुरा' (अक्ष) लाई जनाउदछ । यसको कारण देहाय वमोजिम छन् ।

(क) वृहस्पतिको पत्नी तारा :-

पृथ्वीको धुरमाथि उत्तरतर्फ पर्ने अटल तारालाई 'ध्रुव तारा' भन्निछ । यो ताराको धुरसंग प्रत्यक्ष सम्वन्ध रहेकोले नै उक्त ताराको ध्रुवभन्ने नामकरण भएको हो । यस धुरले आफ्नो दिशा साधारणतया परिवर्तन गर्दैन, जाडो, गर्मी, सबै ऋतुहरू समावेश भएको आफ्नो वृहद्कक्षमा पृथ्वीले वार्षिक भ्रमण गर्दा सधैं एउटै उत्तर दिशा निर्देशन गर्ने हुदा यस धुरलाई 'गुरू' वा वृहस्पति भनिएको हुनुपर्दछ । हाम्रा पुराणहरूमा वृहस्पतीको पत्नी 'तारा' भनिनुमा यही धुर र ध्रुवताराको सम्वन्धलाई औंल्याइएको वुझिन्छ । आँखाले देखिने आकाश वा स्वर्गको केन्द्र अर्थात् ध्रुवतारालाई यस धुरले देखाउने हुदा यसलाई देवताको गुरू मानिआएको देखिन्छ ।

ख) पुष्य नक्षत्रका वृहस्पति

श्रीमद् भागवत पूराणमा सत्य युगको आगमनलाई देहाय वमोजिम व्याख्या गरिएको छ :-

"जुन समयमा चन्द्र सूर्य र पुष्य नक्षत्रका वृहस्पति, यी तिनै ग्रह एउटै राशिमा संगसंगै प्रवेश गर्दछन्, त्यसै वेलादेखि सत्ययुगको प्रारम्भ हुन्छ ।" (वाह्रौं स्कन्ध अध्याय २, श्लोक २४)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्रीमद्भागवतको उपयुक्त वाक्यले गुरूको अर्थ पनि इंङ्गित गर्दछ । पुष्य नक्षत्रका वृहस्पति भन्नाले गुरूपूर्णिमासँग सम्वन्ध राख्दछ । किनभने करिव दुईहजार वर्ष पहिले सवैभन्दा लामो दिन (गुरूपूर्णिमा) पर्ने सययमा पृथ्वीको धुर वा अक्ष सूर्यतर्फ र सूर्य पुष्य नक्षत्रमा पर्दथ्यो । आजभोली श्रावणको ४ गतेवाट १७ गतेसम्म सुर्य 'पुष्य' (तिष्य) नक्षत्रमै (कर्कट राशि) पर्ने गर्दछ । यसैले 'पुष्य नक्षत्रका वृहस्पति' भन्नाले वृहस्पतिले पृथ्वीको धुर र अयन जनाउने अर्थमै प्रयोग भएको देखिन्छ । हाल पृथ्वीको धुरको दिशा परिवर्तन भई सवैभन्दा लामो दिन भएको वखत सूर्य पुष्य नक्षत्रमा नपरी सो भन्दा तिन नक्षत्र अगाडि आर्द्रा नक्षत्रलाई पार गर्न लागिसकेको छ । यस परिवर्तनलाई नै अयनांश परिवर्तन भनी पञ्चाङ्ग पात्रोमा हाल २३° ५३' ५८" उल्लेख गर्ने गरिएको छ । यस अयनाँशलाई अयनको साथै सो को कारण रहेको धुर वा गुरूले प्रारम्भिक अवस्थादेखि दिशा परिवर्तन गरेको कोण मान्न सकिन्छ ।

३. सालिन्दा अयन परिवर्तनको महत्व :-

सूर्य उत्तरायण/दक्षिणायण हुदाँ घटन आउने ऋतुहरूको परिवर्तन अयनसँग सम्वन्ध राख्दछ । अयन वा अयनाँशले सवभन्दा लामो दिन सवभन्दा छोटो दिन र दिनरात वरावर हुने वसन्त र शिशिर ऋतुहरूलाई इंकित गर्ने गर्दछ । हामीहरूले मानिआएको चाड पनि ऋतुजन्य भएकोले अयन तथा अयनांश परिवर्तनसगै सो पनि आवद्ध छ र गर्नुपर्दछ । फेरि एक वर्षलाई दिव्य दिनको रूपमा लिंदा ६-६ महिनाको 'दिव्य' दिनरात पनि मान्ने गरिएको छ । यही अनुसार चाडपर्वको मान्यता रहन्छ ।

हाम्रो सनातन हिन्दु धर्ममा उत्तरायण/दक्षिणरायण आदिले कति महत्व राख्दछ भन्ने विषयमा भगवान श्रीकृष्णवाट व्यक्त भएको देहायको वाक्यवाट सिद्ध हुन्छ :-

"आगो, ज्वाला, शुक्ल, दिन, छ महिना उत्तरायण
यिनमा गएका वंह्मज्ञ पुग्दछन् व्रह्म सनातन"

(भगवद गीता अध्याय ८, श्लोक २४)

"धुवाँ, रात्रि कृष्णपक्ष छ महिना दक्षिणायन
यिनमा गई चन्द्रलोक पुगी आउँछ जन्मन"

(भगवद गीता अध्याय ८, श्लोक २५)

उर्पयुक्त शास्त्र वचनवाट यो सिद्ध हुन्छ कि हामीहरूको जीवन तथा मोक्ष नै अयन तथा अयनांशसँग जोडिएको छ ।

४. युगको परिवर्तनको रूपमा अयनांशः-

यो ज्यादै ढिलो चाल भएकोले यसलाई युगपरिवर्तनको रूपमा लिन सकिन्छ । यसले ७०.६४ वर्षमा ऋतुको स्थितिलाई १ दिन सार्ने अथवा करिव २१५० वर्षमा १ महिना ऋतु सार्ने काम गर्दछ । यसै अनुसार २५८०० वर्षमा पूरै वर्ष घुम्ने गर्दछ । करीव १३००० वर्ष पछि जाडो ऋतु हाल को गर्मी महिनामा र गर्मी ऋतु हालको जाडो महिनामा परिणत हुने गर्दछ । (चित्र न १मा हेर्नुहोस) ऋतु सार्ने भन्नाले मुलतया यसले सवै चाडहरूको सौर्यमानलाई सार्ने गर्दछ । तसर्थ हामीले अयनांशको असरलाई वास्ता गरेनौं भने चन्द्रेमानलाई मात्र समातेर सौर्यमानलाई वास्ता नगरेको ठहर्छ ।

५. गुरू पूर्णिमाको विवेचना :-

(क) तात्पर्य :-गुरू पूर्णिमा भन्नाले दुवै गुरू र पूर्णिमालाई जनाउछ । यो चाडको अर्थ हो अयनपरिवर्तनका साथै सोको वीचमा पर्ने ध्रुवतारालाई हेर्न सवैभन्दा उपयोगी वा प्राकृतिक समय । सवैभन्दा लामो दिनमा नै विशेष फाइदा साथ ध्रुवतारालाई हेर्न सकिन्छ जुन तारा वृहस्पतिकी पत्नी हुन । यस सययमा सवैभन्दा लामो दिन हुने गर्दछ । ध्रुवलाई हेर्नाले हाम्रो मनको स्थिरता कायम हुन्छ । जसरी गुरूको भरोसामा चेला निर्धक्क हुन्छ । चन्द्रमा चेलाको रूपमा लिइन्छ । हाम्रो मनस्थितलाई वढी फाइदा पुऱ्याउनलाई सो वा सो को नजिक पर्ने पूर्णिमा समेत लाई समेटेमा झन उत्तम हुने गर्दछ । यसो हुदा गुरूपूर्णिमा चाडको पूरा फाइदा लिन गुरू (धुर सँग सम्वन्धित लामो दिन) र पूर्णिमा दुवै नजिक हुनको साथै सम्पर्कमा रहन आवश्यक छ ।

ख) चान्द्र वर्षः-

हामीहरूले सौर- मान्यता र चान्द्र मान्यता दुवैलाई ग्रहण गरेका छौं । यी दुईको सामञ्जस्यको प्रयोजनको लागि सौर- मान्यतावाट चान्द्र मान्यता पन्ध्र दिन मात्र अगाडि पछाडि पार्ने गरेका छौं । यसै कारण गुरूपूर्णिमा आषाढ मसान्तवाट पन्ध्र दिन मात्र अगाडि पछाडि पर्दछ अर्थात् आषाढ सोह्रदेखि श्रावण पन्ध्रभित्रमा सो चाड पर्न आउँदछ । यसरी नै चन्द्र- वर्ष निर्धारण गरिन्छ । प्रत्येक तेस्रो वर्षमा वढी भएको सौर्य समयलाई- पुरूषोत्तम महिना को रूपमा पूर सारेर चान्द्र वर्षको चान्द्र महिनालाई पुनः सौर- वर्षको सौरमानसँग मिलाएर गरेको छौं । यो अति उत्तम तरीका हो । यसो गर्नाको तात्पर्य हो-सौरमानवाट प्राप्त हुने ऋतुको मान्यतालाई चन्द्रमान् वा महिनाको करिव १ दिन कमीले उल्ङघन नगरोस् भन्ने हेतुले प्रत्येक तेस्रो वर्षमा पुनः- चान्द्र महिनालाई सौर-महिनामा मिलाएर एकै खालको ऋतु स्थितिमा पर्वलाई फिर्ता वोलाउनु ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यसरी ऋतु स्थितिमा आधार भएको सौरमानलाई नै चाडपर्वहरूको मेरुदण्ड मानिन्छ । चान्द्रमान वा तिथि भने त्यसको अभ्र मसिनो अलङकार/शिर मात्र हो । शिर मेरुदण्डमा अडेको हुन्छ ।

ग) अयनांशको असर :-

उपरोक्त प्रथावाट हामीले सूर्य र चन्द्र दुवैको महत्व राख्ने प्रयास गर्दा गर्दै हामीले साधारणतया थाहा नपाउने गरी युग युगान्तरमा सौर्यमानलाई भङ्ग गर्ने गरी अर्को पृथ्वीको चालले हस्तक्षेप गरि सकेको छ । यसले गर्दा हाम्रो सौर्यमान (ऋतु-स्थिति) कायम राख्ने प्रथालाई ओजेलमा पारेको छ । हाल आएर सवभन्दा लामो दिन आषाढ ७ गते (जुन २१) पर्ने भएकोले हामीले मान्दै आएको गुरूपूर्णिमामा आषाढ पूर्णिमा भने पर्न आउँदछ तर गुरूको मान्यता राख्ने सवभन्दा लामो दिन भने पर्न नआउने हुर्दा उक्त चाडको उपयोगिता सङकटमा पर्न आएको छ । अर्थात गुरू विनाको चेला हुन गएको छ । जुन उद्देश्यले सो चाड मान्न ठाँउमा गरियो सो चाडवाट हुने व्रह्माण्डीय फाइदावाट हाल जनसाधारण वञ्चित भएका छन् । गुरू पूर्णिमाका ठाउँमा पूर्णिमा मात्र वाँकी रहन गएको छ । गुरू को महत्व चाहीं छुटेर हुनसक्ने जति हुन सकेको छैन र कालान्तरमा यो स्थिति अझ विग्रदै जाँदैछ । पुरूषोत्तम महिनाको क्रममा आषाढ-पूर्णिमा यदि श्रावण पन्धगतेमा पर्न गएमा सवभन्दा लामो दिन (अर्थात गुरूको स्थान) वाट पाँच हप्ता पछाडि वा (३८ दिन सम्म) पछि पर्न गइसकेको छ । यति फरक पर्ने गरी हामीले गुरू पूर्णिमा मानिराख्नु आवश्यक छैन । यति फरक पर्दा पनि हामीले पुरानै अवस्थामा मान्ने हो भने, हामीले अयनांशवाट ऋतु स्थिति विगारेको सम्वन्धी ज्ञानको फाइदा लिन असमर्थ भएको ठहर्दछ । पर्वको उद्देश्य वमोजिम फल लिन असमर्थ भएका छौं ।

सौरमानको दृष्टिमा दक्षिणायण सुरूविन्दु श्रावणसंक्रान्तिवाट अयनांशको प्रभावले आषाढ १ गते पुगिसकेको नभएतापनि नजिक भने पुगिसकेको छ । तिथिको मान्यताले हेर्दा सोही दक्षिणायण विन्दु जनाउने गुरूपूर्णिमा भने आषाढपूर्णिमाको डायरावाट ५०० वर्ष अगाडि देखिनै जेष्ठपूर्णिमाको डायराभित्र पसि सकेको छ । यसै कारण अनायंशको असरले गुरू पूर्णिमा साथै अन्य सवै पर्वहरूलाई समेत एक महिना अगाडि सारेर समस्या समाधान गर्न आवश्यक भैसकेको देखिन्छ ।

घ) हाल सम्म स्थाई वा निरयण अयन ३ पटक स्थापित भएको पाईएका छन् ।

१) करिव वयालीस सय वर्ष अगाडि तयार भएको अथर्व संहितामा "अयन मघा" भनि मघामा अयन तोकिएको छ ।

२) करिव तीत्तय सय वर्ष अगाडि शुरु भएको वेदाङ्ग ज्योतिषमा अश्लेषाको वीचमा अयन तोकिएको छ ।

३) "वृहद संहितामा" छैठौं शताव्दीका वराहमिहिरले हाल सम्म पनि प्रचलनमा रहेको "कर्कटको शुरुमा दक्षिणयन अयन" प्रत्यक्ष भएको जनाएका छन् ।

ङ) पर्वहरू निरयण हुदैनन्, निरयण अयन सापेक्ष मात्र हुन्छन् ।

कहिले काही पर्वहरूको नाक्षत्रिय स्थिति तोकिएतापनि त्यसको पर्वहरूको निरयणता जनाउनु भन्दा सो पर्वको निरयण अयन सँगको प्रयत्क्ष वा अप्रयत्क्ष सम्वन्ध जनाएको देखिन्छ । वडा दशैं जस्ता पर्वहरूको नाक्षत्रीय मान्यता निरयण अयनको आधारमा तोकिएको छ । "मुले वाहने देवी श्रवणे विसर्जयत" भनि मकरको शुरूलाई तोकिएको वा वीचमा पारिएको छ । यसरीनै रामायणमा चैत्रे दशैको राम नवमीलाई पुर्नवसुमा पर्ने नवमी तिथि भनि उत्तरायण आरम्भ विन्दु कर्कटको शुरुमा पर्ने पुर्नवसुलाई तोकिएको छ ।

यसैले स्थाई अयनलाई वैकल्पिक संक्रान्तिमा सार्दा यस्तो पर्वको वैकल्पिक नक्षत्र पनि तोक्न मिल्ने देखिन्छ ।

६.समाधान

हामीले अयनपरिवर्तन दक्षिणायण आरम्भलाई आषाढ मसान्त या श्रावणसङ्क्रान्ति मानी आएका छौं । यसमा खास दक्षिणायन शुरू हाल असाढ ७ गते (जुन २२) मा झरिसकेको र कालान्तरमा यो आषाढ १ गतेमा पुग्नेछ । त्यतिखेर हामीले पर्वलाई श्रावणसक्रान्तिको सट्टा आषाढसक्रान्ति मान्न सौरमान मात्रको हिसावले पनि वाध्य हुनेछौं ।

सोही ऋतुजन्य सौरमानको मान्यता राख्ने चन्द्रमान सहितको पर्व गुरुपूर्णिमा सोवाट पन्ध्र दिनभन्दा वढी फरक नपर्ने गरी मान्ने गरेकाछौं । यसैले चन्द्रमानलाई समेत समेटन यदि अयनांश परिवर्तनलाई पनि सो श्रावणसक्रान्ति वा आषाढमसान्तवाट पन्ध्र दिन मात्र सम्म स्थाइ वा निरायण अयन कायम गर्ने सो पश्चात नया अयन संक्रान्तिमा सवै नया प्रणाली हाम्रो चाडमा समावेश गरिएको खण्डमा अयनांशको अतिक्रमणवाट उत्पन्न समस्या यथोचित ढङ्गले हल गर्न सकिने देखिन्छ । हामीले जुन उद्देश्यले चाड मनाइएको हो, सोको सौर तथा चन्द्र दुवै उद्देश्यवाट न्यनतम फरक पर्ने गरी मनाउन सकिने देखिन्छ । साथै दुई पुरूषोत्तम महिनाको वीचमा पर्ने २/३ वर्षको अवधिमा गुरूपूर्णिमाले १५/१५ दिन अगाडि/पछाड सार्दा सवै भन्दा लामो दिनलाइ कम्तिमा एक पटक छुनेछ । सोही अवधीमा लामो दिन र पूर्णिमा को अन्तर भने वढीमा एक महिना मात्र फरक पर्ने गरी मनाउन सक्नेछौं । हाल उत्पन्न ३८ दिन मध्येको आठ दिनको वढी फरक भविश्यमा कुनै पनि हालतमा नआउने गरी हटाउन सक्ने देखिन्छ ।

यसो गर्नाको लागि अयनांश अर्थात (लामो दिन) ठिक श्रावण सङ्क्रान्तिमा परेको स्थितिवाट पन्ध्र दिन अगाडि र पन्ध्र दिन पछाडि अर्थात (पन्ध्र डिग्री अगाडि र पन्ध्र डिग्री पछाडि) परिवर्तन भएसम्म मात्र उक्त गुरूपूर्णिमालाई आषाढपूर्णिमा चाडको

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रूपमा मान्न उचित देखिन्छ । त्यस भन्दा पछि जेष्ठपूर्णिमामा सार्न पर्नेछ । यस अर्थमा हाल हिसाव गर्दा गुरूपूर्णिमालाई आषाढमसान्तको रूपमा मान्ने म्याद वि.सं.१५०० सम्म मात्र थियो । त्यस भन्दा पछि गुरूको महत्व राख्ने सवभन्दा लामो दिन अषाढ पन्ध्रभन्दा अगाडि या तल सरेर आषाढ पूर्णिमाको सीमा नाघेको हुदा मान्ने कुनै प्रयोजन नरहने भएकोले, जेष्ठ पूर्णिमाको रूपमा मान्न उपर्युक्त भएको देखिएकोछ । जेठ पूर्णिमाले भने ३ वर्षभित्रमा कम्तिमा एक पटक उक्त लामो दिनलाई छुने गर्दछ । उदाहरणार्थ आगामी २०६२ सालको जेठ पूर्णिमा आषाढ ८ गते पर्दछ । लामो दिन आषाढ ७ गते पर्ने हुँदा पूर्णिमाले गुरूलाई छोएको देखिन्छ ।

सोही वखत देखि जेष्ठपूर्णिमालाई गुरूपूर्णिमाको रूपमा मानिएको भए गुरूको स्थिति अर्थात सवभन्दा लामो दिन र पूर्णिमाको स्थिति कम्तीमा एक पटक जोडिने र वढीमा एक महिना भन्दा सधैं कम नै फरक पर्दथ्यो । यसै तर्कवाट हाल पनि हामीले जेष्ठपूर्णिमालाई नै गुरूपूर्णिमा मानिएमा पूर्णिमाको मध्य स्थितिवाट गुरूको मान्यता राख्ने सवभन्दा लामो दिन करीव ७ दिन मात्र फरक पर्ने छ । अहिले भन्दा करीव पाँच सय वर्षपछि भने यो फरक घटेर एउटै स्थानमा रहनेछ, जव सवैभन्दा लामो दिन जेष्ठमसान्तमा नै वन्न आउने छ ।

हामीहरूको सवै चाडपर्वहरूमा सौरमान्यतालाई मेरूदण्ड र चन्द्र मान्यतालाई शिरको अलंङकारका रूपमा मान्दैआएको छौं । अयनांसको असरले उक्त सौर्यमान्यतालाई नै सार्ने गरेकोले यसको असरलाई वास्ता नगरेमा चाड पर्वहरूको मेरूदण्ड नै भाँचिन जाने देखिएको छ । यही अनुसार प्रत्येक करीव २१५० वर्षमा १ महिना सौरमानलाई अगाडी सार्दै जानु आवश्यक देखिएकोले, समस्या समाधानको लागि एक नयाँ तालिका पेश गरिएको छ । चित्र नं. २ र देहायको युग शंसोधन तालिकालाई हेर्नुहोस् । यस चार्टमा देखाउन दक्षिणायन शुरू हुने श्रावण सङ्क्रान्तिलाई आधार मानी तयार गरिएकोछ । यो २५,८०० वर्षको अयनांशचक्रलाई १२ भागमा वाँडी संशोधन प्रणाली पेश गरिएको छ । यो २५,८०० वर्षको अयनांश चक्र श्री वेङकरेसकेतकरका तरिकाले वार्षिक ५० विपलाको आधारमा गरिएको हिसाववाट हुन आउँदछ । चानचुन वर्ष नदेखाई सताव्दीहरूमा मात्र युग सार्ने व्यवस्था गरिएको छ ।

६.क) अयन संक्रान्ति-पूर्णिमा प्रणालीको अवधारणा

सूर्यसिद्धान्तमा अधिकतम अयनांशलाई २७° मानिनुमा सायन तथा निरयणको घनिष्ठतालाई १ महिनाभित्र सीमित राख्नपर्ने अर्थमा वुझ्नु पर्छ । २७° भन्नाले नक्षेत्रीय (अर्थात् निरयण) चन्द्र महिना लाई जनाउछ । सोभन्दा वढी फरक पन गएमा सायन/निरयणको पारस्परिक सामाजस्य नरहने हेतु प्रकट भएको वुझिन्छ । हाल प्रचलित विपवत निरयण स्थिति ०° अयनांश कायम गर्नुमा सूर्य 'रेवती' तारामा हुँदाको वखतवाट निर्धारण गरिएको र दक्षिणायण शुरू विन्दुलाई श्रावणसक्रान्तिमा कायम गरिएको वुझिन्छ । विक्रम सम्वत् शुरू हुँदा उक्त निरयणस्थितिको अयनांशलाई ०° मानिंदा दक्षिणायन विन्दुको वास्तविक सायन स्थितिको अयनांश ५° अगाडिवाट शुरू भएको देखिन्छ । श्रावण सङ्क्रान्तिलाई पहिलो दक्षिणायन निरयण स्थिति मानेझैं अयनांशले सारेर अन्य महिनाको सङ्क्रान्तिमा समेत दक्षिणायन विन्दुमा पुऱ्याउनेछ । यस्ता अन्य सङ्क्रान्तिहरूलाई पनि भविस्यमा निरयणस्थिति कायम गर्न सकिनेछ । यसरी सायन निरयण वीच एक महिनाभन्दा वढी फरक नहोस् भन्ने हेतुले यूग-यूगमा सारिने नयाँ निरयण स्थितिलाई यूगीय-निरयणस्थितिको नामकरण यहां गरिएको छ । यसरी अषाढसक्रान्तिमा कायम हुने यूगीय निरयण स्थितिलाई दोस्रो यूगीय निरयण स्थिति, जेष्ठ सक्रान्तिमा कायम हुने स्थितिलाई तेस्रो यूगीय निरयणस्थिति कायम गर्न सकिने छ । यस किसिमले १२ महीनाको कूल १२ युगिय निरयण स्थितिको अवधारणा प्रस्तुत गरिन्छ ।

६. ख) सायन निरयण दुवैको समन्वय गरि प्रचलित ज्योतिष सिद्धान्त समेतलाइ निरन्तरता दिने फलदायी "वालमुकुन्दीय पर्व सुधार पद्धति"

१) एकिकृत संकान्ति पुर्णिमा क्षत्र (चित्र नं.)

विना संक्रान्ति अधिक मासले पछिल्लो संक्रान्ति सँग सम्वन्ध राख्ने पुर्णिमालाइ सो संक्रान्ति वाट १५ दिन पछाडि सार्दछ । अधिक मास प्रश्चात सो पूर्णिमा करिव ३ वर्षको अवधीमा सो संर्कान्तिवाट १५ दिन अगाडि पर्दछ । यसरी १५ दिन अगाडि आएर सो भन्दा वढ्न नपाउने गरी अर्को अधिक मास आइ फेरी सो संक्रान्ति भन्दा १५ दिन पछाडि सारिदिन्छ ।

यसरी कुनै पनि पूणिमाले आफु सम्वन्धित संर्कान्तिवाट १५ दिन पछाडी देखि १५दिन अगाडी सम्म सर्ने क्षत्रलाइ "एकिकृत संक्रान्ति पूणिमा क्षत्र" भनि परिभाषीत गरिएको छ । यो अवधि ३०° को हुन्छ ।

२. फलदायी विषुवत संक्रान्ति पूर्णिमाः-

वास्तविक विषुवत वा अयन जुन एकिकृत संक्रान्ति पूर्णिमाको क्षेत्र भित्र हुन्छ सो नै फलदायी विषुवत वा अयन संक्रान्ति पूर्णमा हुन आउँछ ।

३. ३०° को अयनांसियं मन्वन्तरः-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विषुवत वा अयन एक संक्रान्ति पूर्णिमा क्षत्र भित्र करिब २१५० वर्षको लागि रहन्छ। यो ३०° लाई वा २१५० वर्षको अवधिलाई अयनांशिय मन्वन्तर भनि परिभाषित गरिएको छ।

४. अयनांशिय मन्वन्तर परिवर्तन "वालमुकुन्द" महिना, वर्ष वा शताव्दीमा गरिन्छ:-

विषुवत वा अयन कुनै एकिकृत संक्रान्ति पूर्णिमा को क्षत्र भित्र प्रवेश गरेपछि को पहिलो शताव्दीको पहिलो अधिक मासलाई शुद्ध वनाएर नयाँ विषुवत तथा अयन संक्रान्ति पूर्णिमाहरु कायम गर्न उचित देखिन्छ। यसो गर्दा अधिक मासलाई शुद्ध मास बनाई दुई शुद्ध मास मध्ये पहिलो मासको नामकरण अधिल्लो मासमा वदल्नु पर्नेछ। यस्तो विषुवत, अयन र पर्वहरु एवं महिना सारी ऋतु पुनस्थापना गर्ने महिनालाई वालमुकुन्द महिना भनि प्रस्तावित गरिएको छ। सो वर्ष र शताव्दी समेतलाई वालमुकुन्द वर्ष र वालमुकुन्द शताव्दी भन्न सकिनेछ।

तालिका नं. १ दक्षिणायण शुरू हुने श्रावणसक्रान्तिको आधारमा चाडपर्वको ऋतुजन्य सौरमान युगयुगमा पुर्नस्थपना गर्न प्रस्तावित युगस्तरीय निरयण संक्रान्तिहरू:-

तालिका :-

१२ युग स्तरीय निरयण अयन संक्रान्तिहरू	अयनांश	दक्षिणायण शुरूहुने वार्षिक अयन संक्रान्तिहरू	निरयण स्थितिको वास्तविक अयनांश स्थिति (वि.सं मा)	लागु हुने सायन अवधि (वि.स. शताब्धि मा)	
				शुरू सम्वत	अन्त्य सम्वत
प्रथम	०°	श्रावण सङ्क्रान्ति	वि.सं. ३५०	पूर्व वि.स ७००.	वि.स.१५००
दोस्रो	३०°	आषाढ सङ्क्रान्ति	वि.सं २५००	वि.स. १५०१	वि.स.३६००
तेस्रो	६०°	जेठ सङ्क्रान्ति	वि.सं ४६५०	वि.स. ३६०१	वि.स.५८००
चौथो	९०°	वैसाख सङ्क्रान्ति	वि.सं ६८००	वि.स. ५८०१	वि.स.७९००
पाचौं	१२०°	चैत्र सङ्क्रान्ति	वि.सं ८९५०	वि.स. ७९०१	वि.स.१०,१००
छैटौं	१५०°	फाल्गुन सङ्क्रान्ति	वि.सं ११,१००	वि.स. १०,१०१	वि.स.१२,२००
सातौं	१८०°	माघ सङ्क्रान्ति	वि.सं १३,२५०	वि.स.१२,२००	वि.स.१४,४००
आठौं	२१०°	पौष सङ्क्रान्ति	वि.सं १५,४००	वि.स.१४,४०१	वि.स.१६,५००
नवौं	२४०°	मार्ग सङ्क्रान्ति	वि.सं १७,५५०	वि.स.१६,५०१	वि.स.१८,७००
दशौं	२७०°	कार्तिक सङ्क्रान्ति	वि.सं १९,७००	वि.स.१८,००१	वि.स.२०,८००
एघारौं	३००°	आश्वीन सङ्क्रान्ति	वि.सं २१,८५०	वि.स.२०,८०१	वि.स.२३,०००
वाह्रौं	३३०°	भाद्र सङ्क्रान्ति	वि.सं २४,०००	वि.स.२३,१००	वि.स.२५,१००

एक सङ्क्रान्तिवाट अर्को सङ्क्रान्तिमा निरयणअयन सारिदा २७° का सट्टा ३०° को फरक पर्न आउछ। यसरी प्रत्येक सङ्क्रान्तिलाई नयाँ निरयण अयन मानिदा २९ १/२ दिनको प्रचलित शुक्ल, कृष्ण दुई पक्ष युक्त (सूर्य केतु) चन्द्रमासलाई समेत सो भित्र अटाउन सकिन्छ। उक्त चन्द्रमासमा प्रत्येक पूर्णिमा तीन वर्षभित्र १५ दिन अगाडि पछाडि सर्ने व्यवस्था अनुरूप सायन अयनलाई पनि निरयण अयन संक्रान्तिले १५° अगाडि पछाडिको सिमाभित्र कायम गर्न उचित देखिन्छ। किनभने यसो गर्दा यूगीयनिरयण स्थितिवाट सायनअयन १५° मात्र फरक पर्नेछ। हाल रहेको करिव २४° फरक यस किसिमले अनावश्यक छ। यसैले २७° को चान्द्र 'नाक्षत्रीय' महिनाकोसट्टा ३०° को सौर राशी महिना प्रयोग गर्दा पनि खुद सायन अयन र निरयण अयन फरक भने १५° हुन गई सो अयनहरू बीच घनिष्ठता झन नजिक पर्नेछ। यसरी दुवैको फरक कम परी वढी Accuracy आउनुको साथै प्रचलित चान्द्र मासलाई समेत कुनै आच नआउने गरी निरन्तरता दिन सकिने भएकोले यो व्यवस्था उत्तम देखिन्छ। वास्तवमा प्रचलित एक अधिक यसलाई वमोजिम स्वत अयन संक्रान्ति तथा सवै पर्वहरू पनि १ १ महिना अघि सर्ने देखिन्छ।

६ (ग) युगीय निरयण अयन सङ्क्रान्तिको अवधाराण मनवन्तरसँग मिल्ने :-

यसै प्रसंङ्गमा हाम्रो शास्त्रमा उल्लेख भएको अर्को यूगीय इकाई यहा उल्लेखनिय छ। त्यो हो 'मन्वन्तर' को अवधारणा। अयनांशलाई हाम्रो धर्मशास्त्रमा उल्लेख नगरीएको भएतापनि कल्प तथा मनवन्तर र सत्य त्रेता, द्वापर, कलि युगलाई उल्लेख गरिएकोछ। यसवाट अयनांश चक्रलाई नै कल्पको संज्ञा दिएको हुनसक्दछ। कल्प आदि युगहरू नापिदा वार्षिक अयनलाई दिव्य दिनको संज्ञा दिई दिव्य दिनकै इकाईमा नापिने गरिएकोले कल्प आदि युगलेनै अयनांश जनाएको प्रमाणित गर्दछ। प्रत्येक सक्रान्तिको नयाँ यूगीय निरयण अयनलाई नयाँ मन्वन्तरको पनि संज्ञा दिन सकिन्छ। शास्त्रमा उल्लेख भएवमोजिम १ कल्पमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१४ मन्वन्तर मानिएको छ । २७° चन्द्रमासलाई मन्वन्तर मानिएमा पूरा ३६०° को अयनांशचक्रको चौधयुगिय निरयण अयनवन्न आउने हुँदा १४ मन्वन्तरको परिकल्पना गरिएको हुनुपर्दछ । तर हामीले प्रस्ताव गरिएको १२ सक्रान्तिको निरयण अयनबाट भने १२ मन्वन्तर मात्र हुनआउँछ । २९ १/२ दिनको (सौर्य वा सायन) चन्द्रमासलाई निरन्तरता दिन आवश्यक भएकोले र उक्त करीव २९° को चन्द्र महिनालाई ३०° को सौर्य महिनाभित्र अटाउन सकिने भएको तर २७° नक्षेत्रिय महिनाभित्र भने अटाउन नसकिने भएकोले १४ मनवन्तरको अवधारणा भन्दा १२ मन्वन्तरको अवधारणा हाल उपयुक्त देखिन आएकोछ । यसैले २७° को निरयण चन्द्रमास भन्दा ३०° को निरयण सौर्यमास नै यूगीय स्थितिको आधारशिला वनाउने प्रस्ताव गरिन्छ । यस वाट १२ सङ्क्रान्तिवाट १२ निरयणअयन कायमगर्न सुविधा पर्दछ । यसरी १२ ओटा कोसे ढुङ्गा निर्धारण हुनेछ । यी कोसे ढुङ्गहरले युग युगमा पर्वहरूलाई आफुमा अडाएर राख्ने छन् । युगयुगमा पर्व अगाडि सार्न वालमुकुन्द महिना प्रयोग गरी सजिलै सम्पन्न हुने देखिन्छ ।

७. सायन वर्ष मान्ने गेग्रारियन (Gregorian) क्यालेण्डरमा

सूर्य मात्रको हिसाव मिलाउन चौथो वर्षमा ३६५ दिनमा १ दिन थपिन्छ । सो वाट पुरै हिसाव नमिल्ने हुँदा शताव्दीयौं वर्षमा भने नथप्ने गरिएको छ । यसवाट पनि हिसाव नमिलेको हुँदा चौथो सताव्दिमा भने तिन सय पैसट्ठी (३६५) दिनमा एक दिन थपेर फेरि हिसाव मिलाइन्छ । अझ २५०० वर्षमा पनि एक दिन थप्नुपर्ने हुन्छ । कसरी थप्ने भन्ने कुराको निर्णय अझै भईसकेको छैन ।

यो सायन व्यवस्थामा तिथी वा चन्द्रको हिसाव सजिलोको लागी पुरै छाडिन्छ ता पनि झमेला भने खास कम नभएको सिद्ध हुन्छ । हाम्रा चान्द्र तिथी युक्त व्यवस्थामा त चन्द्र महीना समेतको हिसाव ऋतुको समेत कारण रहेको सूर्य महिना संग एकिकृत गर्न तेस्रो वर्षमा १ (एक) महिना छाड्ने गर्दछौं । सोहि अनुरूप अयनांशले ऋतुमानलाई विगारेको हिसाव मिलाउन २१५० वर्षमा उक्त एक महीनालाई नछाडने प्रथा शूरु गर्न पनि आज आवश्यक परेको छ । यी दुवै प्रकृयावाट चान्द्र तिथिहरूको आर्तव स्थिति पुनस्थापना गर्नु नै हो ।

८. प्रत्येक २१५० वर्षमा पर्ने वालमुकुन्द महीना

सारांशमा, पर्वहरू गाँसिएको चान्द्र तिथिहरूको आर्तवमान् हरेक तेस्रो वर्षमा एक महीना छुटन जाने हुँदा सो नहोस भन्ने हेतुले पर्वहरूलाई एक (१) महिना पछाडी सारिन्छ । सोही आर्तवमान पुनस्थापन गर्न २१५० वर्षमा पर्वहरूलाई (१) एक महिना अगाडि सार्न पनि आवश्यक भएको देखिन्छ । फरक यति हो की तेस्रो वर्षमा पर्ने पुरुषोत्तम महिना मनाइँदा एउटै नामका शुद्ध र अधिक दुई मास मध्ये एउटालाई अधिक मास भनि छाडिन्छ । प्रस्तावित २१५० वर्षमा मनाइने वालमुकुन्द महिनामा भने सोहि २ (दुई) महिना मध्ये पहिलोको नामाकरण अघिल्लो महिनामा परिणत गरिन्छ । दुवै प्रक्रियामा आर्तव स्थिति पुनस्थापना गर्नु नै लक्ष्य राखिएको हुन्छ । यी दुवै प्रकृयालाई एउटै प्रकृतिको दुई पाटा मान्नु पर्दछ ।

यसो गर्दा स्थायी अयन तथा सम्पाद विन्दुहरू सम्वन्धी पर्वहरूका साथै सो संग आवद्ध चान्द्र पर्वहरू समेतलाई अघिल्लो महिनाको नाउँ भएको सौर तथा चान्द्र महिनामा सार्न आवश्यक हुन्छ । तेस्रो वर्षमा मनाउने "पुरुषोत्तम" महीनाको सट्टा यस अवस्थामा "वालमुकुन्द" महिना मनाउनु पर्छ । यो प्रक्रियालाई नयाँ व्यस्था भन्नु भन्दा प्रचलित व्यवस्थालाई निरन्तरता दिने उद्देश्यले अयनांशको प्रकोपलाई युग-युगमा समाधान गर्ने आर्तव संसोधन वा सुधार मान्नु उचित हुन्छ । यसरी नै हाम्रो विकसित धर्म, संस्कृति र समाजलाई चान्द्र तिथि र सौर मिति एकिकृत गर्न असमर्थ ग्रेगोरीयन प्रद्धति जस्ता सायन व्यवस्थावाट जोगाउन सकिनेछ । यस भन्दा पनि महत्वपूर्ण यो छ कि, हजारौं वर्ष पहिले ऋषिमुनिहरूले जुन ऋतु स्थितिमा यी पर्वहरूवाट नैतिक तथा आध्यात्मिक फल पाउँथे, सोही फल हामीले पनि पाउन सो समयको आर्तव स्थिती पुनस्थापना गरेर नै सम्भव छ । यसरी नै हामीले सो फल पाउनका साथै हाम्रो समाजलाई सत्य युग तर्फ उन्मुख वनाई धर्म लाई चारै पाउमा टेकाउन सक्नेछौं ।

राशी नक्षत्रहरूमा विभाजन गरिने तारागणको भचक्र अर्थात अटल विश्व व्रह्माण्डको आधारमा हामीले चन्द्र सूर्यलाई वाध्ने हाम्रो प्रचलित उत्कृष्ट प्रतिवद्धता अनुरूपनै यसो गर्न परेको हो । अटल व्रह्माण्डलाई छाड्यौं भने हाम्रो धर्ममा निहित ज्ञानको (परा दृष्टिको) लोप हुने हुँदा हामी पूरै सायन व्यवस्था अंगाल्न सक्दैनौं । हामी पूरै निरयण व्यवस्थालाई अंगालेर अव्यवहारिक हुन पनि कदाचित ठिक हुदैन । यसैले सायन निरयणको समन्वय वा भक्ति र ज्ञानको ऐक्यवद्धता नै हाम्रो एक मात्र विकल्प छ । यस्तो एकिकृति वा सिमित निरयण व्यवस्था नै हाम्रो धर्मशास्त्र र ज्योतिपशास्त्रको आधारशिला वन्न सक्छ । यो नै उत्तम मध्यम मार्ग हुनेछ ।

९. उपसम्हार

उपरोक्त सवै तथ्यहरूलाई दृष्टिगत गरी गुरूपूर्णिमामा लगाइएका तर्कहरू हाम्रा अन्य अधिकाश चाडपर्वहरूमा लगाउन सकिन्छ । सोही अनुसार अधिकाश चाडहरूको सौर्य मान्यतालाई एक महिना अगाडि सार्न उपयुक्त देखिन्छ । यसै अनुरूप माघेसङ्क्रान्तिलाई पौषसङ्क्रान्तिमा मान्नुपर्ने, तिहारलाई कार्तिकको सट्टा आश्विन महिनामा मान्नु पर्ने र अक्षयतृतीयालाई वैशाखको सट्टा चैत्रमा मान्नु आवश्यक हुनुको साथै ढिलाई पनि भएको देखिन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सारांशमा जुन पूर्णिमाको क्षेत्र अन्तर्गत सवैभन्दा लामो दिन पर्दछ, सोलाई नै वर्तमान र भविष्यमा पनि गुरूपूर्णिमा मान्न सक्नेछौं । अन्य सम्पूर्ण चन्द्रमान हुने चाडहरूको गुरूपूर्णिमावाट समानान्तर दुरीमा पर्ने गरी मिलाउदै जान सकिने छ । यसरी नै अयनांशको असरलाई न्यून गर्दै हामीले प्रयोग गर्ने चन्द्रवर्ष तथा निरयण विक्रम संवतलाई निरन्तरता दिन सक्नेछौं ।

जनसाधारणको दृष्टिमा सौरमान्यता भन्नाले ऋतुजन्य अर्थात सायन मान्यता नै हो । जसरी हामीहरूले मानिआएको चन्द्र मान्यताको चाडपर्वहरूलाई सायनसौर मान्यतामा मिलाउन हरेक तेस्रो वर्षमा सच्याउने गरेका छौं ।

यसरी नै अयननंश द्वारा सारिएको सायन सौर मान्यतालाई पनि वर्षमा सच्याउन आवश्यक देखिएको छ । यसै अनुसार हरेक २१५० वर्षमा एक नयाँ युगीय निरयणअयन सक्रन्ति कायम गर्न आवश्यक देखिएको छ । यसरी निर्धारण गरिएको युगीय निरयणअयन सक्रन्तिवाट सायनस्थितिलाई पनि चन्द्रमानलाई ऋतुजन्य सौरमानको १५ दिन अगाडि वा पछाडि पर्न जाने सीमा भित्र नै पर्ने गरी, १५° अगाडि र पछाडि पार्नु नै आवश्यक तथा उपयुक्त व्यवस्था देखिन्छ । यसो गर्नाले नै हाम्रो चल्तिमा आएको ऋतुजन्य सौर तथा चन्द्रमान युक्त चाडपर्वलाई निरन्तरता दिन सक्ने देखिन्छ ।

निरयणवर्ष भनेको दृष्टि द्वारा वा तापक्रम द्वारा जनसाधारणले अनुभूति गर्न नसक्ने स्थिति हो । यसले मानवजीवनको सञ्चालन संम्वर्द्धनमा गौण भूमिका खेल्ने देखिन्छ । यसले सिद्ध या मुक्त ज्ञानीहरूलाई अजन्मा वा अटल विश्वब्रम्माण्डको आभास दिन योगदान पुऱ्याउने मात्र वुझिन्छ । सृष्टि तथा स्थिति अवस्थामा भने यसको धेरै गौण भूमिका देखिन्छ । सृष्टि, स्थिति र लयलाई साधरणतय हामीले दैनिक स्थिर देखिने सायन संग आवद्ध ध्रुवमत्स्य नै पर्याप्त रहेकोछ ।

राजा जनकजस्ता विदेह पुरूषहरू, प्रकृतिलयन मानिने हिन्दु मत्स्येन्द्रनाथ, वा वौद्धलोकेस्वरहरू सम्म सायनवर्षकै प्रमुख भूमिका रहेको पाईन्छ । नेपालका राता मत्स्येन्द्रनाथले ६/६ महिना क्रमश पाटन र वुङ्गमति वस्ने प्रथाका साथै महाभारतका लडाईमा भिष्मपितामहले उत्तरायणलाई पर्खेको उदाहरणले यस तथ्यको पुष्टि गर्दछ । अयनपरिवर्तनसंग सोझै सम्वन्ध राख्ने दिनमान वरावर हुने शिशिर र वसन्तऋतुका समयहरू लाई इङ्गित गर्नु नै, श्रीराम र श्रीकृष्णजस्ता हाम्रो धर्मका प्रमुख अवतारहरूको वासस्थान मानिने, अयोध्या र द्वाराकाको आध्यात्मिक प्रतिपादन भएको समेत वुझिन्छ ।

उपरोक्त प्रस्तावित संशोधनहरू गर्न आवश्यक हुनुमा हामीले मानि आएको विक्रम सम्वत निरयण वा राशीसापेक्ष वर्ष हुनु नै हो । पश्चिमा ईस्विसम्वत प्रयोग गर्नेहरूलाई भने यस्तो सशोधन गरिरहन आवश्यक छैन । उनीहरूले प्रयोग गर्ने Gregorian Calendar भने अयनांश सगै सर्ने गर्दछ । तर हामीह

रूले प्रयोग गर्ने राशीसापेक्ष वर्षले चान्द्र तिथि समेतलाई सक्रान्तिद्धारा नियन्त्रण गर्ने भएकोले Gregorian Calendar भन्दा अध्यात्मिक र वैज्ञानिक दृष्टिमा उत्तम नै मान्नुपर्दछ । यसमा हाल नया युगीयपुर्नस्थपना प्रणाली थप्न आवश्यक देखिएकोले यस प्रक्रियालाई, वढी वैज्ञानिक संवत प्रयोग गर्दा थप मुल्य चुकाउन आवश्यक परेको दृष्टिकोणले हेर्नुपर्दछ । फेरि हाम्रो चाडपर्वमा सौरमानको साथसाथै चन्द्रमान समेत समेटिएको हुँदा यस उत्तम व्यवस्थालाई कायम नै राख्न पनि यस किसिमवाट करीव २१५० वर्षमा एक पटक चाडपर्वहरू १ महिना अघि सार्ने प्रथा चलाउन आवश्यक देखिन्छ । यसो गर्दा एउटा सर्वोत्तम व्यवस्थालाई निरन्तरता दिन सफल भइएको सन्तुष्टी लिन सकिन्छ ।

हाम्रो धर्मको साराँशको रूपमा भगवान श्रीकृष्णाले गीतामा अर्जुनलाई 'विश्वरूप' देखाउनुभएको थियो । यस विश्वरूपको व्याख्यामा श्रीकृष्णले 'कालोस्मि' अर्थात 'म काल हुँ' (अध्याय ११ २ पद्य ३२) भनी व्यक्त गर्नुभएको छ । यसैले हामीले भगवानको रूपलाई समयको रूपमा अनुभूति गर्नुपर्ने भएको हुदा र सो विश्वरूपको व्याख्या गर्ने यी सवै चाडपर्वहरूलाई समयानुकूल पारी सार्दै लैजानुपर्ने आवश्यकता देखिएको छ । यसो गर्न हामीले नसकेमा सर्वसाधरण जनतालाई अयनांशका प्रकोपवाट जोगाउन नसकेको दोषारोपण भविश्यका पिढीले हामीमाथि गर्न सक्नेछन् । यो स्थिति क्रमश: ५०० वर्षदेखि विग्रन्दै आइसकेको छ । यसलाई झन् विग्रँन्दै जानदिन नहुने तथ्य आफ्ना विद्वान तथा ज्योतिष शास्त्र जान्ने साथीहरूमा अनुरोध गर्न चाहान्छु ।

प्रस्तुकर्ता

हरिनारायण मल्ल

फोन नं ४३५८८०९,४३६४५३९

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चाडपर्व संशोधनको आधारभूत तर्क

१. हामीले मानिआएको ऋतुको आधारशिला भएको अयन परिवर्तनको चाड वा दक्षिनायन आरम्भ विन्दु श्रावणसंङ्कान्ति हाल घटना हुने सवैभन्दा लामो दिन आषाढ ७ वाट २४ दिन फरक परिसकेको छ । यसलाई अयनांशको असर मानिन्छ । यसले ऋतु सार्ने गर्दछ । ७० वर्षमा १ दिन सार्दछ ।

२. उक्त लामो दिन अहिले भन्दा ५०० वर्ष पछि जव आषाढ १ गतेमा झर्नेछ तव सायन सौरमानको हिसावले पनि हामीले आषाढ १ गतेलाई नै श्रावण १ गतेको सट्टा मान्न वाध्य हुनछौं । ऋतु १ महिना अघि सर्दा सोको आधारशिला पनि १ महिना नै अघि सार्नुपर्ने हुन्छ ।

३. चान्द्रमानको हिसावले उपरोक्त पर्वलाई हामीले गुरुपूर्णिमाको रूपमा दक्षिनामुर्ति मानेका छौं । भनि दक्षिनायन विन्दुलाई यो पर्व श्रावण १५ गतेवाट आषाढ १६ सम्म ३ वर्षाभित्र अगाडि पछाडि सर्ने गर्दछ । यसरि चन्द्रमानलाई पनि ऋतुसँग आवाद्ध गर्ने गरेका छौं ।

४. सवैभन्दा लामो दिन आषाढ १६ गते भन्दा तल अयनांशले सारेपछि आषाढपूर्णिमाको क्षेत्र सीमावाट झरेर जेष्ठपूर्णिमाको सीमा क्षेत्र भित्र पर्दछ । सोही समयवाट दक्षिनामुर्ति भनिने गुरुपूर्णिमालाई जेष्ठ पूर्णिमाको रूपमा मान्न उपर्युक्त हुन्छ । साथै दक्षिणायनको सुरू आषाढ १ लाई अयन संक्रान्ति पर्वको रूपमा मान्न उपर्युक्त हुन्छ ।

५. हालको अयनांश अनुसार २४ दिनको परिवर्तन हुँदा पनि वाढ टाढा पर्ने श्रावणसंङ्कान्ति वा लामो दिनले छाडिसकेको आषाढपूर्णिमा मान्नु हाम्रो चन्द्रमानमा आधारितको आर्तव सामजस्यता पर्वहरु भंग भैंसकेको छ । अहिले भन्दा ५०० वर्ष अघि देखिनै जेष्ठपूर्णिमालाई गुरूपूर्णिमा मान्नु ठीक थियो । यसरी नै हामीले तिथियुक्त पर्वलाई आफ्नो लक्षित मान्यतामा जोगाउन सक्षम हुनेछौं । अर्थात चाडपर्वहरूलाई सर्म्वान्धित ऋतुमा जोडिरहन सक्नेछौं ।

६. अयनांसको निरन्तर परिवर्तनलाई मिलाउन हामीले निरयणवर्षको १२ युग युगमा अयन वा विषुवत संक्रान्तिहरु निर्धारण गर्न आवश्यक छ । यसरी नै हाम्रो चान्द्र तिथियुक्त चार्डपर्वहरूलाई ऋतुसँग जोगाउन सक्नेछौं । प्रत्येक २१५० वर्षमा हामीले चाडपर्वहरूलाई १ महिना अगाडि सार्नु पर्नेछ । यसरी सार्दा सौर्य वा चान्द्र महिनाको नाम मात्र परिवर्तन हुन्छ । तर पर्वको तिथि वा चान्द्रमान भने ज्याँको तयै रहने छ । अर्थात् पूर्णिमाको सट्टा पुर्णिमा र औशिको सट्टा औशी नै हुनेछ । तर महिना भने अघिल्लोमा सर्नेछ । जस्तै श्रावणसंङ्कान्तिवाट आषाढसंङ्कान्ति आदि । यसो गर्दा निरयण वा स्थाई अयन संक्रान्तिवाट सायन अयनलाई १५ दिन अघि पछि मात्र सर्ने गरी हामीले सायन तथा निरयण अयनलाई समन्वय गर्न सक्नेछौं । यस्तो समन्वय राख्नु अयनको शुद्धताको लागी आवश्यक हुन्छ ।

७. उपयुक्त ढङ्गवाट हामीले उत्कृष्ट चान्द्रवर्षको सायन वा कृतु पक्षलाई जोगाउन सक्नेछौं जसरी प्रत्येक तेस्रो वर्षमा हामीले 'पुरुषोतम' महिनाद्धारा पर्वलाई एक महिना ढिलो मनाउदछौं त्यसरी २१५० वर्षमा एउटा पुरुषेतम महिना नमानेमा पर्व आफै एक (१) महिना चाडो मानिनेछ र कृतु स्थिती पुनर्स्थापित हुनेछन् ।

८. यसरी हामिले युग युगमा नयाँ नयाँ संक्रान्ति, नयाँ नक्षत्र आदी स्थापना गरी नया चार युग, चार धाम. विश्व व्रहमाण्डमा परिभाषत गरि धर्मलाई फेरि फरि चारै पाउमा टेकाउन सक्नेछौं । यहि प्रकृयालाइ व्याख्या गर्न श्री पशुपतिनाथले मृग रुप धारणा गरि श्लेषमान्तक वनमा विहार गर्नु भएको पौराणिक कथा नेपाल महात्म्य तथा हिमवत खण्डमा व्याख्या भएको वुझिन्छ । मृकण्डुका पुत्र मार्कण्डेयले कल्प कल्प सम्म वाँच्ने वरदान शिवजीवाट प्राप्त गरेको वयान श्रीमद भागवतमा उल्लेख भएकोले पनि यहि अयनांशको तथ्यलाइसमाधान गर्न बनाएको वुझिन्छ । यहि आधारमा १ महिना पर्व अगाडी सार्न 'वालमुकुन्द' वर्ष घोषणा गर्ने पौराणिक नामाकरण गर्न मिल्ने देखिएको छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

व्यवहारिक वा निरयण अयन/सम्पात विन्दुलाई एक संक्रान्ति बाट अर्को संक्रान्तिमा सार्ने वालमुकुन्द पद्धतिको परिभाषा

१ एक अयनांशीय मन्वन्तर वा २१/२२ सताव्दी भरी एउटै निरयण अयन तथा सम्पात संक्रान्तिमा कायम गर्न उचित हुन्छ। सो सौर संक्रान्तिसंग जोडिएको चान्द्र पूर्णिमाको तीन वर्ष विचरण क्षेत्र भित्र सायन अयन/सँपात निन्दुहरु पनि सायन निरयण समान्वयको लागी सिमित राख्न आवश्यक हुन्छ।

२. सायन् वा प्रत्यक्ष अयन सम्पात जव दुई संक्रान्तिको वीचमा पर्दछ, संवन्धित निरयण अयन/ सर्म्पातलाई पहिलो संक्रान्ति वाट दोस्रो संक्रान्तिमा सार्नुपर्दछ। (चित्र नं. २) यसरी सार्दा नयाँ सताव्दीको सुरुको पुरुपोत्तमं महिना वा अधिकमासलाई सुद्ध मास वनाई सार्न सकिनेछ। यस्तो अयन/सम्पाद एक महिना सार्ने अधिक मासलाई वालमुकुन्द मास भनी नामाकरण गर्न मिल्ने देखिन्छ।

३. उपरोक्त हिसावले पहिलो निरयण अवस्थावाट दोस्रैं निरयण अवस्थामा सारेको खण्डमा सायन अयन/सम्पात र निरयण अयन/सम्पात एउटै पुर्णिमाको ३ वर्ष विचरणभित्र पर्दछ। साथै एक पर्वको लामो अवधीभर एकै महिना पनि कायम हुनेछ। यसरी सायन निरयणको समन्वय वा अन्तर सम्वन्ध रहिरहने छ (चित्र नं. ३) यस्तो एक पुर्णिमाको विचरणभित्र वा एक निरयण अयन समपातको प्रभाव क्षेत्रभित्र रहने सायन अयन/सम्पातको करिव २१५० वर्षको अवधीलाई एक अयनांशीय मन्वन्तर भनी परिभाषित गरिनेछ।

४ उपरोक्त नियम वमोजिम वशन्त सम्पातमा पर्ने निरयण सम्पात वा मेष संक्रान्तिवाट चैत्र वा मीन संक्रान्तिमा सार्ने समय वि.स. १५०० सय पछि भैसकेकोले हाल तत्तकाल वि.सं. २०३४ देखि नै सो लागु गर्न मिल्ने देखिन्छ (चित्र नं. ४) निरयण समपातलाई चैत्र वा मीन संक्रान्तिवाट फाल्गुण वा कुम्भ संक्रान्तिमा सार्ने काम वि.सं. ३७०० पश्चात गर्न पर्नेछ।

५ उपरोक्त वमोजिम निरयण अयन/समपात संक्रान्तिलाई एक अयनांशीय मन्वन्तर वाट अर्कोमा सार्दा ऋतु पनि एक महिना सर्ने हुँदा ऋतुको नयाँ परिभाषा गर्न पर्ने हुन्छ। हाल कायम हुने नयाँ अयनांशीय मन्वन्तरमा फाल्गुण चैत्र वशन्त, वैशाख, जेष्ठ, ग्रिष्म, आषाढ, श्रावण, आश्विन शरद, कार्तिक मंसिर, हेमन्त, पुष, माघ शिशिर हुन आउछ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सूर्य, चन्द्र र ध्रुवको समन्वय गर्ने तरिका

चित्र नं. १ :



एउटै संक्रान्तिमा र पुर्णिमामा सायन तथा निरयण अयन विन्दुहरुलाई समन्वय गरी सूर्य चन्द्र र ध्रुवको समन्वय गर्ने परमपरा ठिक थियो । सो वमोजिम नै हाल मिति तिथि र अयनको समन्वय गरि करिव २१५० वर्षमात्र को युग वा वार्शियमडनन्तर कायम हुने गरि अयनांश चक्रको विभाजित सिमा तोकिनु पर्नेछ ।

यसको कारण हो व्राह्मा, विष्णु र शिव वाट एउटै त्रिमुर्ति ईश्वर वन्ने हुंदा ध्रुव सूर्य र चन्द्रको समन्वय आवश्यक छ यसरी समन्वय भएमा सुमेरु पर्वको टुप्पा (ध्रुव) वाट गर्नु । सूर्य नारायण विष्णुले मोक्ष दिनुमा समन्वय आई हाम्रा पर्वहरु फलदायी हुन्छन् ।

चित्र नं. २

प्रस्तावित निरयण उत्तरायण तथा दक्षिणायन आरम्भ विन्दु



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Acc. ५८२/४४२

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चित्र नं. ४

ध.सं. २०६४ वालमुकुन्द वर्षको
ालमुकुन्द महिनामा गुरु पुर्णिमा
ाषाढ पुर्णिमाबाट जेष्ठ पुर्णिमा १ महिना अगाडि
ार्ने प्रस्ताव



वालमुकुन्द वर्ष तथा महिना

युग वा अयनांशीय मनवन्तर सार्दा एउटा पुरुषोतम महिना नमलाई सो पुरुषोत्तम संवन्धी शुद्ध तथा अधिक महिनाको सट्टा दुवै शुद्ध चान्द्र महिना मनाउनु पर्नेछ। यस्ता युग वा मनवन्तर सार्ने नयां युगको संगम वर्षलाई वालमुकुन्द वर्ष र दोहोरिने महिनालाई वालमुकुन्द महिना नामाकरण हुन उचित देखिन्छ। वालमुकुन्द महिना देखि चाडपर्वहरु एक महिना अगाडि सर्छन्। यो सञ्ज्ञा श्रीमद भागवत को वाह्रौ स्कन्धको अधयायमा उल्लेख भएको पौराणिक कथामा आधारित छ। सोभा मार्कण्डेय ऋषिले छैटौ मन्वन्तर बाट सातौं मन्वन्तरमा जांदा वहरको रुखको एक पातमा श्री कृष्णजीलाई वालमुकुन्दको रुपमा आफ्नो साउको वुढी औंला मुखमा रासेको दर्शन पाएका थिए।

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चित्र नं. ३

धर्म स्थापना : ब्रह्मा, विष्णुको झगडा शिवले मिलाउने सायन निरयणको समन्वय निरयन अयन पुर्णिमाको चिरणले गर्न पर्ने

ब्रह्मा-सायन-दृष्टि-जपुजित-पृथ्वी (ध्रुव) ⎤ शिव-चन्द्र महिना
विष्णु-निरयण-जदृष्ट-पुजित-सौर (संक्रान्ति) ⎦ (अयन पुर्णिमाको विचरण)



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मृगरुपी श्री पशुपतिनाथले
अयनांशको समस्या हल गर्दछ
धर्मलाई चारै खुट्टामा
टेकाउछ ।



वसन्त समपादमा मृगरुपी श्री पशुपतिनाथकोसिं (चन्द्र कक्ष) स्थापित गरिएको । यस अवस्थालाई ब्राह्मा विष्णु र इन्द्रले क्रमस
विच फेद र टुप्पा समाएको पौराणिक कथामा वर्णन गरिएको छ । मानेमा अव आइन्दा चैत्र १ देखि वर्ष आरम्भ भएको पहिलो
पटक मानेमा अव आयन्दा चैत्र १ देखि वर्ष आरमभ गरिएमा दोस्रे पटक निजहरुले मृगकोसिं समाएको मानन सकिन्छ । यसरी
अयनांशको २५८०० वर्षको ३६०° चक्रमा निजहरुले १२ पटक सिं समाएर युगीय निरयण स्थितिहरु कायम गरी जनसाधारणको
भलाइको लागी अलग-अलग सूर्य नारायणको महिनाको संक्रान्तिलाई वसनत समपाद निर्धारण गर्न पर्नेछ । प्रतयेक यूगीय वसनत
समपातवाट नै हिन्दु धर्मको ४ धाम वा ४ युग स्थापित हुन जाने हुंदा श्री पशुपति नाथले धमर्मलाई ४ पाउमा स्थापित गरेको
भनिन्छ । यसैलाई सत्य युगको प्रादुर्भाव पनि मान्निछ ।
माथी देखाइएको चित्रमा ध्रुव तारा लगायत विभिन्न तारा नक्षत्रले श्री पशुपतिनाथको ज्योतिलिङ्गलाई हेरेको भान हुन्छ । तर यि
तारा नक्षत्रको (चित्र खेती) समय पुरा भई म्याद गइसकेकोले योनिहरु लिङ्गमा लीन भएको मान्न सकिन्छ । यी तारालाई गोठाला
वालकको सेज्ञा दिई निजहरु भव्य भएकोले सो मुल लिङ्गलाई चुरो माथी हालको पशुपतिको मुर्ति स्थापना गरिएको मानिन्छ । हालको
पशुपतिनाथवाट पुनः अर्को संक्रान्तिमा पर्ने नयाँ ब्राह्मणीय स्थिति अर्थात चित्राको सट्टा पुनः अर्को संक्रान्तिमा पर्ने नयाँ ब्रह्माणीय
स्थिति अर्थात चित्राको सट्टा पुर्व फाल्गुणनी खेती को सट्टा उत्तर भाद्र (मेषको सट्टा मीन) लाई निर्धारण हुन पर्ने संकेत समेत गरेको
मान्न सकिन्छ ।

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

UPDATING THE BIKRAM ERA CALENDAR

By Eng. Rishi Shah (RONAST) & Kedar Badu, Galileo Astronomical Society, Pokhara

Two millennia have passed since the inception of the Bikram Era calendar and it looks that time has come to update it due to the effects caused by the precession of the equinoxes. This calendar is being used both in Nepal and India. But the difference is, in Nepal, it is being used by the government and religious communities, whereas in India, it is used only by religious communities, as the government there practices Gregorian Calendar. Astrologers and astronomers both in Nepal and India agree that the BE calendar needs to be updated, but who is authorized to update the calendar is not clear. But before all this, lets analyze the scientific reasons that contributed to the necessity of updating the Calendar.

The Earth has three types of motions: motion around its axis, motion around the Sun, and motion of its axis due to wobbling of Earth. The Earth rotates around its axis in 24 hours, which causes day and night and we see all the stars and planet rise in the east and set in the west. But one star does not rise or set: this is the polar star (Dhruv Tara or Polaris) which is located directly above the Earth's North Pole. The Earth is tilted 23.5 degrees on the plane of orbit around the Sun. This causes changes of seasons during the year.

The second type of motion is the rotation of the Earth around the Sun in 365 days to complete one revolution in an elliptical orbit. Speaking more precisely, the Earth takes 365 days 6 hrs 9 minutes and 10 seconds to complete one revolution with respect to stars (Sidereal Year). With respect to the orbit, it takes 365 days 5 hrs 48 minutes and 46 seconds to complete one revolution (Tropical year). The difference in time is 20 minutes and 24 seconds. This is caused by the third type of motion of Earth, ie wobbling of its axis which astronomers call precessional movement of the pole of the Earth. (See picture below).

There are two systems of Astronomy in South Asia - namely the *Nirayana (Sidereal)* and the *Sayana (Tropical)*. The former traces observations of planets to a fixed Zodiac, while the latter considers the moving Zodiac commencing from the shifting, Vernal Equinox. The increment between the beginning of the "fixed" and the "moveable" Zodiacs or the *Nirayana* and *Sayana* positions is referred to as *Ayanamsa* which **increases about 50 1/3 seconds every year. This Means that in every 2150 years, equinoxes come one month ahead.** The Ayanamsa for the year 2005 is 23 degrees 53' 18" (or 24 days). Since the time of inception of BE Calandar, equinox points have moved backwards ie Spring equinox falls on Chaitra 6 instead of Baishakh 1. The difference between the sidereal zodiac and the tropical zodiac is called an Ayanamsa. Ayanamsa is a term of Vedic astrology. If you know the Ayanamsa, it's easy to change a tropical position into a sidereal position, or the other way around. Add the Ayanamsa to the sidereal position to get the tropical position. And subtract the Ayanamsa from the tropical position to get the sidereal position.

Bikram Era calendar is based on Sidereal Year whereas Western Gregorian calendar is based on Tropical Year. Sidereal Calendars need to correct 1 day in 70 years, as seasons come one day earlier in that period. This motion is very slow and can be detected only after observing for hundreds of years. Therefore people generally don't take this motion into account. But for making calendars, consideration of this motion is vital. As the Earth wobbles around its axis in 25791 years, the position of the Celestial Pole also changes @ 50.33 arc seconds a year around

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri Funding: MIDF

the Ecliptic pole. Due to this, points of equinoxes also change. And after a considerable time, we see the seasons also changing. This is called the Precession of the Equinoxes, ie arrival of equinoxes earlier as time passes. This doesn't apply to the Gregorian calendar, as it is based on the position of Earth on its orbit around the Sun, and the position of stars is not taken into account.

As the Bikram Era Calendar is not updated for two millennia, the precessional effect has already accumulated to 24 days. This means that Maghe Sakranti (Winter Solstice) actually falls on Poush 7. Similarly the New Year (Spring Equinox point) falls on Chaitra 7, instead of Baisakh 1. If the Bikram Era calendar is not updated, it will soon loose its seasonal relevance. This will also affect celebration of festivals, as many of our festivals are associated with the arrival of seasons. It is expected that concerned authorities in Nepal take necessary steps to update the Calendar. But before doing this, the general public should be properly informed on the need to update the calendar, both in Nepal and India.

Recommendations:

1. Chaitra 1 should be made the start of New Year. Lunar month should also be moved 1 month ahead.
2. The Start of new day (ie Time counting) should be from 12 PM at midnight, as practiced internationally.
3. The Panchanga should be made user-friendly. So far astrologers mostly use it. But in future it should be made useful to amateur astronomers as well. For this the positions of celestial bodies should be given in RA and Declinations. The Ghati-Pala-Bipala system should be replaced, as this system is no more in use to keep time.
4. Ayanamsa (precession) should be updated each year by adding 50.33 arc seconds each year.
5. Astrologers should be encouraged to use telescopes to track the correct positions of celestial bodies. Telescopes should be made widely available in the country.
6. Traditional instruments (Dhup Dhadi, Chhate Duhuga/ Stone-henges etc) and methods of determining the positions of celestial bodies should be revived so that ancient knowledge is preserved. The Balmiki campus could take a lead role in this.
7. Astrologers believe that the precession ocillates between +27 degrees to`–27 degrees based on the Surya Siddhanta. However, modern astronomy believes that it moves along the whole circle. Research on this difference of opinion on this key issue should be made and resolved.

(*The author can be reached at* **kedarbadu@yahoo.com**)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Motion of North Pole due to Wobbling of Earth



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अयनांश र त्यसको प्रभाव

प्रा.डा. साम्वराज आचार्य
वाल्मीकि विद्यापीठ

संस्कृत भाषामा अयन भनेको बाटो हो। त्यसकारण दक्षिणायन भन्दा दक्षिणतिरको बाटो र उत्तरायण भन्दा उत्तरतिरको बाटो भन्ने बुझिन्छ। सूर्यका मुख्यत: दुई बाटा छन् ती हुन् उत्तरतिर र दक्षिणतिरका बाटा। सूर्य सधैं एउटै बिन्दुमा उदाउँदैनन्। जब पूर्वबिन्दुमा सूर्य उदाउँछन् त्यसको भोलिपल्ट सूर्य कि त्यो बिन्दुभन्दा उत्तरतिर रहेको बिन्दुमा उदाउँछन् कि त दक्षिणतिरको बिन्दुमा उदाउँछन्। यसरी ठीक पूर्वबिन्दुबाट २३.५ डिग्रीको दूरीमा रहेको उत्तरतिरको बिन्दुमा सूर्य जुन दिन उदाउँछन् त्यसको भोलिपल्ट त्यो बिन्दुभन्दा दक्षिणतिरको बिन्दुमा सूर्य उदाएको देखिन्छ। त्यसवेला दक्षिणायनको शुरु हुन्छ। यसरी क्रमश: आज भन्दा भोलि र भोलि भन्दा पर्सि गर्दै झन् झन् दक्षिणतिर सूर्य उदाउँदै जान्छन्। छ महीना पछि सूर्य सबै भन्दा दक्षिणतिर रहेको बिन्दुमा उदाउँन पुग्छन् र त्यसको भोलिपल्ट फेरि त्यो भन्दा उत्तरतिरको बिन्दुमा उदाउँछन्। जब सबैभन्दा दक्षिणतिरको बिन्दुमा सूर्य उदाई उत्तरतिर लाग्दछन् त्यो बिन्दु उत्तरायण हुने शुरुको बिन्दु हो। त्यही बिन्दुलाई प्राचीन कालका ज्योतिषीहरूले उत्तरायणबिन्दु भन्ने माने। ती दुई बिन्दुहरूको चर्चा तैत्तिरीय ब्राह्मणमा, मैत्रायणी उपनिषद्मा र लगधप्रोक्त वेदाङ्गज्योतिषमा स्पष्टरूपमा र अथर्ववेदमा **भानुराश्लेषा अयनं मघा मे** (१९।७।२) भनेर आएको देखिन्छ। त्यो मकरराशिको शुरुमा सूर्यपुग्दा हुने कुरा वराहमिहिरले अनुभव गरे। यसरी नै जब सूर्य कर्कटराशिको पहिलो अंशमा पुग्छ तब दक्षिणायनको प्रारम्भ हुदो रहेछ भनेर पनि वराहमिहिरले नै थाहा पाए। यसरी कर्कटराशिको आदिमा अर्थात् साउने संक्रान्तिमा दक्षिणायनको शुरु र मकरराशिको आदिमा अर्थात् माघे संक्रान्तिमा उत्तरायणको शुरु हुन्छ भनी नियम बन्यो।

सर्वप्रथम अयनबिन्दुको संशोधन गरी यस्तो नियम बसाल्ने वराहमिहिर हुन्। उनले आफूभन्दा पहिल्यैका आचार्यहरूले उत्तरायण र दक्षिणायन हुन्छ भनेको बिन्दु फरक परी आफ्नो पालामा प्राचीन भनाइ नमिलेको कुरा यसरी स्पष्टसंग भनेका छन्

अश्लेषार्धात् दक्षिणमुत्तरमयनं रवेर्धनिष्ठाद्यम्
नूनं कदाचिदासीत् येनोक्तं पूर्वशास्त्रेषु।
साम्प्रतमयनं सवितुः कर्कटाद्यं मृगादितश्चान्यद्
उक्ता भांशैर्विकृतिः प्रत्यक्षपरीक्षणैर्व्यक्तिः॥

अर्थात् अश्लेषानक्षत्रको आधामा सूर्य पुग्दा दक्षिणायनको शुरु र धनिष्ठानक्षत्रको आदिमा सूर्य पुग्दा उत्तरायणको शुरु हुन्छ भन्ने कुरा प्राचीन ग्रन्थहरूमा लेखिएको छ। तर अहिले सूर्य कर्कटादिमा पुग्दा दक्षिणायन र मकरादिमा सूर्य पुग्दा उत्तरायण हुन्छ त्यस कारण अयन बिन्दुको चलन २७ अंश जति फरक परिसकेको छ। यस्तो फरक भविष्यमा पनि पर्दै जाने छ तसर्थ प्रत्यक्ष परीक्षण गर्दै अयन बिन्दुलाई सार्दै जानुपर्दछ भन्ने यसको तात्पर्य हो।

हुन त नक्षत्रहरू बराबर दूरीमा छैनन् तथापि मध्यम मानले एउटा नक्षत्रबाट अर्को नक्षत्रको दूरी १३ अंश २० कलाको मानी गणना गरिन्छ तसर्थ अश्लेषा नक्षत्रको आधामा रहेको अयनबिन्दु वराहमिहिरको पालामा पुनर्वसुको अर्धमा आएको देखिएकाले २ नक्षत्रको अन्तर परिसकेको देखिन्छ। तसर्थ वेदाङ्ग ज्योतिषको समयदेखि (१३। २०) × २ = २६। ४० अर्थात् करिव २७ अंश (भांश) फरक परेकाले वराहमिहिरले ठीकसंग अयनचलन बिन्दुको परीक्षण गरेको बुझिन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यस्तै कुरा वराहमिहिरले पञ्चसिद्धान्तिकामा पनि भनेका छन् जुन यस प्रकारको छ

अश्लेषार्धादासीद्यदा निवृत्तिः किलोष्णकिरणस्य ।
युक्तमयनं तदासीत् साम्प्रतमयनं पुनर्वसुतः ॥

अर्थात्

अश्लेषा नक्षत्रको आधामा सूर्य पुग्दा दक्षिणायन हुन्छ भन्ने कुरा प्राचीन कालमा सत्य थियो तर अहिले त पुनर्वसु नक्षत्रमा सूर्य पुग्दा दक्षिणायनको शुरु हुन्छ ।

तर वराहमिहिरको यो भनाइ पनि आजभोलि मिल्दैन भन्ने कुरा प्रत्यक्ष भैसकेको छ । ती दुइटा उत्तरायण र दक्षिणायनका बिन्दुहरू पछाडि तिर सरी साउन १ गते हुने दक्षिणायन असारको ६,७ गते तिरै र उत्तरायण माघ १ गतेको सट्टा पौष ६,७ गते तिर नै पर्छ । यो कुरा प्रत्यक्षै छ । यही कुरा बुझाउन हाम्रा पञ्चाङ्गमा कर्कटे सायनार्क र मकरे सायनार्क भनी उल्लेख गरिएको हुन्छ । हाल दक्षिणायन बिन्दु मृगशिरा नक्षत्रमा र उत्तरायण बिन्दु मूलनक्षत्रमा सरिसकेको छ । यो कुरा हाम्रा पञ्चाङ्गहरूको अध्ययनबाट स्पष्टसँग बुझिन्छ ।

त्यसैले साउने संक्रान्तिलाई आषाढ संक्रान्तिमा सार्ने र माघे संक्रान्तिलाई पौषसंक्रान्तिमा सारिदियो भने वास्तविक अयन संक्रान्तिभन्दा केवल ६,७ दिनको मात्र अन्तर पर्छ र वास्तविकताको नगिच पुगिन्छ । अहिले त वास्तविक संक्रान्तिदेखि २३, २४ दिनको फरकमा उत्तरायण र दक्षिणायन संक्रान्ति पर्ने भएकाले वास्तविक भन्दा निकै नै धेरै अन्तर परेको छ भन्ने विषयमा नेपालमा पनि हाल चर्चा परिचर्चा चलिरहेको छ ।

यसरी अयन संक्रान्तिलाई १ महीना पछाडि सार्दा हाम्रा सम्पूर्ण चाडपर्वका तिथिहरू र
ऋतुहरूका महीना पनि स्वत: पछाडि सर्छन् । यसले गर्दा धार्मिक जनतामा खलबली मच्चिन सक्छ
। त्यसैले हाम्रा पञ्चांगमा निरयण र सायन संक्रान्ति छुट्टा छुट्टै लेख्ने चलन चलेको हो । यो
कुरा जुनसुकै वर्षको पात्रो हेरे पनि थाहा पाइन्छ । जस्तै २०६१ को सायन श्रावण संक्रान्ति आषाढ
७ गते परेको छ यो कुरा बुझाउन पात्रामा आषाढ ७ गते नै कर्कटे सायनार्क भनी उल्लेख
गरिएको देखिन्छ । त्यस्तै मकरे सायनार्क पनि पौष ८ गते नै भैसको को छ । जुन माघसंक्रान्तिमा
पर्न पर्ने हो । २०६२ सालमा पनि आषाढ ७ गते कर्कटे सायनार्क र पौष ७ गते मकरे सायनार्क
भैसकेको कुरा हाम्रा पञ्चाङ्गहरूमा उल्लेख गरिएको देखिन्छ । यसरी अयनांशको कारणले गर्दा
हाम्रा तिथिमितिहरू पछाडि ,पछाडि सर्दैछन् । अयनांशको वार्षिक गति ५४ विकला हुन्छ भनी
सूर्यसिद्धान्तमा बताइएको छ । आधुनिक गणना अनुसारको अयन चलन ५०.२ विकला वार्षिक
मान्दा पनि करिव करिव ७२ वर्षमा एक अंश अर्थात् १ दिनको फरक पर्छ । त्यसैले २१५० वर्षमा
१ राशि अर्थात् एक महिनाको अन्तर पर्छ । तसर्थ यसलाई उपेक्षा गर्न भने हुदैंन । आधुनिकहरू
अयनांशको गति चक्रीय (अर्थात् महावृत्तका १२ राशिमा क्रमश:) हुन्छ भनी मान्छन् । त्यस्तो
मान्दा कालान्तरमा साउन भदौ तिर जाडो महीना पर्ने र वर्षा हिउँदका महीनामा पर्न जाने
भएकाले अनर्थ हुने देखिन्छ । तसर्थ यस विषयमा गम्भीर विचार गरी क्रमश: यो समस्याको
समाधान गर्दै जानुपर्छ भन्ने आधुनिक विद्वान्हरूको भनाइ छ ।

तर सूर्य सिद्धान्तमा वर्णन गरिए अनुसार भने अयनांशको गति चक्रीय अर्थात् महावृत्तका
१२ राशिमा हुदैन । त्यो त २७ अंश पश्चिम पुगेपछि फेरि अयनांश घट्दै जान्छ र शून्यमा
आइपुग्दछ । त्यस पछि पूर्वपट्टि पनि २७ अंश मात्र जान्छ अर्थात् ५४ अंश व्यास भएको सानो
वृत्तमा मात्र अयन बिन्दु घुम्दछ भन्ने यसको तात्पर्य हो । यसरी करीव १ महीना भन्दा बढीको
फरक कहिल्यै पनि पर्दैन र हिउँद वर्षामा र वर्षा हिउँदमा पर्ने सम्भावना हुदै हुदैन । तसर्थ अयन
चलनको प्रभावले आजभोलिका वर्षाका महीनामा जाडो मौसम र हिउँदका महिनामा गर्मीको मौसम
पर्छ कि भनेर (सूर्यसिद्धान्तको मत अनुसार) डराउन पर्दैन ।

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अब चाडपर्व सार्ने कि न सार्ने भन्ने कुरामा विचार गरिन्छ । चाडपर्व सार्न हामी नेपालीहरूको मात्र प्रयास पर्याप्त हुँदैन किनभने भारत ,श्रीलङ्का र विश्वकै हिन्दू धर्मावलम्वीहरूका प्रायः सबै चाडपर्वहरू एउटै तिथिमा गरिन्छन् जस्तै शिवरात्री, विवाह पञ्चमी, रामनवमी, श्रीकृष्णजन्माष्टमी, दशै, तिहार आदि पर्वहरू हामी नेपालीले अयनांशको कारणले लगभग एक महीना अगाडि सार्यौं भने भारतीयहरूले र अन्यहिन्दूहरूले नसार्दा हाम्रो शिवरात्री पर्व उनीहरूको भन्दा करिव एक महिना अघि नै पर्दछ र मेला भर्न आउने भारतवर्षीय हिन्दूहरू शिवरात्री, विवाह पञ्चमी भर्न एक महिना पछि मात्र आउँदछन् । यसले गर्दा शिवरात्री व्यवस्थापन समितिलाई व्यवस्था गर्न दोहोर आर्थिक व्ययभार तथा जनशक्तिको जरुरत पर्दछ । त्यस्तै समस्या विवाह पञ्चमी आदि पर्वहरूमा पनि पर्न जान्छ । विवाह पञ्चमीमा त झन् अनर्थ हुन्छ, किनभने अयोध्याबाट जनकपुरमा भगवान् श्रीरामको जन्ती पनि ल्याउने चलन छ । हाम्रो देशमा विवाह पञ्चमी मनाइसकेपछि आउने भारतीय जन्तीको स्वागत नेपालीले गर्ने कि नगर्ने ? तसर्थ अयनांशको कारणबाट उत्पन्न हुने समस्याको समाधान त्यति सजिलो र व्यावहारिक देखिदैन । तैपनि यस विषयमा चर्चा परिचर्चा गरी र वहस चलाउनु त सान्दर्भिक नै हुन्छ । अस्तु ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स्थायी अयन, वर्षारम्भ तथा चाडपर्वको समयसुधार विषयक राष्ट्रिय गोष्ठीमा प्रस्तुत धर्मशास्त्रीय दृष्टिकोण सम्बन्धी अवधारणापत्र ।

प्रा. डा. रामचन्द्र गौतम
अध्यक्ष
धर्मशास्त्र विभाग
वाल्मिकी क्याम्पस

मितिः २०६२/३/१६

जगतितलमा अवस्थित मानवमात्रलाई कर्तव्याकर्तव्यवोध गराई जननमरणजन्य पीडावाट मुक्तगराउनकोनिम्ति जगत्कर्ता जगजगदीश्वरद्वारा आफ्नो ज्ञानदीपमा प्रतिभासमान परम्परागत अखण्ड ज्ञानराशि वेद अभिव्यक्तगरियो । किन्तु सो वेद उत्कृष्ट ज्ञान सम्पन्न व्यक्तिहरूकोलागि मात्र सार्थक सिद्धभयो न कि सर्वसाधारण जनताकोलागि । सवैकोनिम्ति उपयुक्त नहुँदा करुणामूर्ति मनु आदि र अन्य ऋषिमहर्षिहरूले वैदिकज्ञानको सर्वसाधरणको उपयोगकोलागि व्यवहारोपयक्त वेदमूलक धर्मशास्त्रनिर्माणगरे । धर्ममर्मज्ञ एवं लोकमर्मज्ञ दिव्यदृष्टि परमर्षिरूद्वारा वैदिकज्ञानको चिन्तन, मनन र स्मरणवाट निर्मित भएकोहुँदा यो शास्त्र "स्मृति" यस नामले पनि प्रख्यात छ ।

श्रुतिस्तु वेदो विज्ञेयो धर्मशास्त्रं तु वै स्मृतिः। मनु २1१०

स्मृतिनामले प्रसिद्ध धर्मशास्त्रमा धर्मसूत्रग्रन्थहरू, वृहत्स्मृतिग्रन्थहरू, लघुस्मृतिग्रन्थहरू, रामायण, महाभारत, पुराण, न्याय, मीमांसा आदिका ग्रन्थहरू र वीरमित्रोदय, चतुर्वर्गचिन्तामणि आदि वृहन्निवन्धग्रन्थहरू, निर्णयसिन्धु, धर्मसिन्धु आदि लघुनिवन्ध ग्रन्थहरू र विज्ञानेश्वर हरिहर आदि विद्वानहरू द्वारा विचरित मिताक्षरा आदि भाष्यपर्दछन् । यस्ता गहनतम उत्कृष्ट ग्रन्थरत्नहरूलाई आत्मसात्गरेको धर्मशास्त्रले व्यवहारादि अन्य विविधविषय प्रतिपादन गर्नुका साथै विशेषतः मनुष्यमात्रको निम्ति अपरिहार्य आचारविशेषको निर्देश गरेको छ ।

मानवद्वारा अवश्य अवलम्वनीय, अनुसरणीय एवं आचरणीय आचारविशेषमा श्रुतिविहित अग्निहोत्रादि श्रौतकर्मकासाथै स्मृतिविहित एकभक्त, नक्त, अयाचित, दान, व्रत, उपवास यी षड्विध स्मार्तकर्म र शौच, स्नान, जप, हवन, देवपूजा, यज्ञ, वलिकर्म, शान्तिकर्म, पौष्टिककर्म, विद्याध्ययन, भजन, कीर्तन, कथाश्रवण, पर्वकृत्य, उत्सव, यात्रा, संस्कार र श्राध्दतर्पणादि कृत्यपर्दछन् । यिनीहरूमा केही संवत्सरप्रधान मानिन्छन् भने केही अयनप्रधान, केही ऋतुप्रधान, केही मासप्रधान, केही पक्षप्रधान, केही तिथिप्रधान, केही वारप्रधान, केही नक्षत्रप्रधान, केही योगप्रधान, केही कालप्रधान, केही स्थलप्रधान, केही मासपक्षान्वित तिथिप्रधान मानिन्छन्, अन्यकेही चाहिं पर्वप्रधान मानिन्छन् । पर्वहरूमा संक्रान्ति मुख्यहुन्छन् । संक्रान्तिमा पनि विषुवत्सक्रान्ति तथा अयनसक्रान्ति प्रमुख मानिन्छन् ।

पञ्चाङ्ग (पात्रो) हाम्रो जनसमाजमा व्रह्मवाक्यकोरूपमा रहेको छ । यसकोगणना ज्योतिषशास्त्रीय पद्धतिअनुसार गरिन्छ । यसमा उल्लिखित तिथिमिति र घडिपलाका आधारमा हाम्रा वेद धर्मशास्त्र प्रतिपादित समस्त चाडपर्व व्रतउत्सव शास्त्रीयमर्यादा अनुकूल मनाइन्छन् सम्पन गरिन्छन् । हाम्रो परम्परामा यसरी मनाइने चाडपर्व आदिमा विषुवत्संक्रान्ति र अयनसंक्रान्ति विशेष मानिन्छन् । यसरी महत्वपूर्णस्थान ओगट्न पुगेका यी संक्रान्ति कुनदिन मनाउने हो भन्नेवारेमा अहिले हाम्रोजनसमाजमा गम्भीरप्रश्न उठेको छ । यसले गर्दा जनसमाज निकै अन्यौलमापरेको छ, द्विविधामा रुमलिएको छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स्थायी अयन, वर्षारम्भ तथा चाडपर्वको समयसुधार विषयक राष्ट्रिय गोष्ठीमा प्रस्तुत धर्मशास्त्रीय दृष्टिकोण सम्बन्धी अवधारणापत्र ।

प्रा. डा. रामचन्द्र गौतम
अध्यक्ष
धर्मशास्त्र विभाग
वाल्मिकी क्याम्पस

मिति: २०६२/३/१६

जगतितलमा अवस्थित मानवमात्रलाई कर्तव्याकर्तव्यवोध गराई जननमरणजन्य पीडावाट मुक्तगराउनकोनिम्ति जगत्कर्ता जगजगदीश्वरद्वारा आफ्नो ज्ञानदीपमा प्रतिभासमान परम्परागत अखण्ड ज्ञानराशि वेद अभिव्यक्तगरियो । किन्तु सो वेद उत्कृष्ट ज्ञान सम्पन्न व्यक्तिहरूकोलागि मात्र सार्थक सिद्धभयो न कि सर्वसाधारण जनताकोलागि । सवैकोनिम्ति उपयुक्त नहुंदा करुणामूर्ति मनु आदि र अन्य ऋषिमहर्षिहरूले वैदिकज्ञानको सर्वसाधरणको उपयोगकोलागि व्यवहारोपयक्त वेदमूलक धर्मशास्त्रनिर्माणगरे । धर्ममर्मज्ञ एवं लोकमर्मज्ञ दिव्यदृष्टि परमर्षिरूद्वारा वैदिकज्ञानको चिन्तन, मनन र स्मरणवाट निर्मित भएकोहुँदा यो शास्त्र "स्मृति" यस नामले पनि प्रख्यात छ ।

श्रुतिस्तु वेदो विज्ञेयो धर्मशास्त्रं तु वै स्मृतिः। मनु २।१०

स्मृतिनामले प्रसिद्ध धर्मशास्त्रमा धर्मसूत्रग्रन्थहरू, वृहत्स्मृतिग्रन्थहरू, लघुस्मृतिग्रन्थहरू, रामायण, महाभारत, पुराण, न्याय, मीमांसा आदिका ग्रन्थहरू र वीरमित्रोदय, चतुर्वर्गचिन्तामणि आदि वृहन्निवन्धग्रन्थहरू, निर्णयसिन्धु, धर्मसिन्धु आदि लघुनिवन्ध ग्रन्थहरू र विज्ञानेश्वर हरिहर आदि विद्वानहरू द्वारा विचरित मिताक्षरा आदि भाष्यपर्दछन् । यस्ता गहनतम उत्कृष्ट ग्रन्थरत्नहरूलाई आत्मसात्गरेको धर्मशास्त्रले व्यवहारादि अन्य विविधविषय प्रतिपादन गर्नुका साथै विशेषत: मनुष्यमात्रकों निम्ति अपरिहार्य आचारविशेषको निर्देश गरेको छ ।

मानवद्वारा अवश्य अवलम्वनीय, अनुसरणीय एवं आचरणीय आचारविशेषमा श्रुतिविहित अग्निहोत्रादि श्रौतकर्मकासाथै स्मृतिविहित एकभक्त, नक्त, अयाचित, दान, व्रत, उपवास यी षड्विध स्मार्तकर्म र शौच, स्नान, जप, हवन, देवपूजा, यज्ञ, वलिकर्म, शान्तिकर्म, पौष्टिककर्म, विद्याध्ययन, भजन, कीर्तन, कथाश्रवण, पर्वकृत्य, उत्सव, यात्रा, संस्कार र श्राध्दतर्पणादि कृत्यपर्दछन् । यिनीहरूमा केही संवत्सरप्रधान मानिन्छन् भने केही अयनप्रधान, केही ऋतुप्रधान, केही मासप्रधान, केही पक्षप्रधान, केही तिथिप्रधान, केही वारप्रधान, केही नक्षत्रप्रधान, केही योगप्रधान, केही कालप्रधान, केही स्थलप्रधान, केही मासपक्षान्वित तिथिप्रधान मानिन्छन्, अन्यकेही चाहिं पर्वप्रधान मानिन्छन् । पर्वहरूमा संक्रान्ति
मुख्यहुन्छन् । संक्रान्तिमा पनि विषुवत्सक्रान्ति तथा अयनसक्रान्ति प्रमुख मानिन्छन् ।

पञ्चाङ्ग (पात्रो) हाम्रो जनसमाजमा व्रह्मवाक्यकोरूपमा रहेको छ । यसकोगणना ज्योतिषशास्त्रीय पद्धतिअनुसार गरिन्छ । यसमा उल्लिखित तिथिमिति र घडिपलाका आधारमा हाम्रा वेद धर्मशास्त्र प्रतिपादित समस्त चाडपर्व व्रतउत्सव शास्त्रीयमर्यादा अनुकूल मनाइन्छन् सम्पन गरिन्छन् । हाम्रो परम्परामा यसरी मनाइने चाडपर्व आदिमा विषुवत्संक्रान्ति र अयनसंक्रान्ति विशेष मानिन्छन् । यसरी महत्वपूर्णस्थान ओगट्न पुगेका यी संक्रान्ति कुनदिन मनाउने हो भन्नेवारेमा अहिले हाम्रोजनसमाजमा गम्भीरप्रश्न उठेको छ । यसले गर्दा जनसमाज निकै अन्यौलमापरेको छ, द्विविधामा रुमलिएको छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यस्तो प्राचिनकाल देखि मनाइदै आएका अखण्डित व्रतपर्व उत्सवादिमानै आघातपर्ने प्रश्न सम्वन्धीत निकायले उठ्नै नदिई समाधान गरिसक्नुपर्ने थियो। तर त्यो कुरा हुन नसकेकोले वाध्यतावश यो प्रश्न उठेको छ। यो जटिलप्रश्न उठाउनुपर्ने वाध्यात्मकस्थिति व्रहमवाक्य मानिदै आएको हाम्रो पञ्चाङ्गले ल्याएको छ। पञ्चाङ्गमा ६,६ महिनामा पर्न आउने मेषसंक्रान्ति र तुलासंक्रान्ति दिन र रात वरावर भएको दिनमा लेख्नुपर्छ २०६२ सालको पञ्चाङ्ग हेर्दा चैत्र ७ गते र आश्विन ७ गते दिनरात वरावर हुन्छन्। दिनरात वरावरहुने दिनलाई क्रमश: सायन मेष सक्रनन्ति र सायन तुलासंक्रान्ति भनिन्छ। यी दुई संक्रान्ति मेष विषुवत् संक्रान्ति र तुलाविषुवत् संक्रान्तिको नामले पनि प्रसिद्ध छन्। दिनरात वरावर हुने दिनलाई निर्विवाद अँगाल्ने हुँदा यी संक्रान्ति विषुवन्नामले प्रख्यात हुन पुगेका हुन्। यसको पुष्टि शास्त्रकारले यसरी गरेकाछन्।

यदा मेषं सहस्रांशुस्तुलां चैव प्रपद्यते
समरात्रिन्दिव: कालो दिनशव्दस्य वाचक:॥कालमाधव पृष्ठ १०१
समरात्रिन्दिवे काले विषुवद् विषुवं चतत् ।अमरकोश १।४।१४

हिजोआज पात्रोमा मेषसंक्रान्तिभनी लेखिएको वैशाख १ गते र तुलासंक्रान्तिभनी लेखिएको कार्तिक १ गते दिनरात वरावर हुँदैनन्। यस्तो दिनमा पात्रोमा किन र कसरी विषुवन्नाम्नी मेषसंक्रान्ति र विषुवन्नम्नी तुलासंक्रान्तिभनी लेखेको हो ? चैत्र ७ गते र आश्विन ७ गते किनलेख्न नसकेको? वुझ्न सकिएको छैन । २०६२ सालको विषुवनान्नी मेषसंक्रान्ति पात्रोमा लेखिएको विषुवन्नाम्नी मेषसंक्रान्ति (वैशाख) १ गते भन्दा २४ दिन अगाडि अर्थात् २०६१ चैत्र ७ गते नै परिसकेको छ। अहिले आइरहेको प्राकृतिक स्थिति मेघवर्षावादल हुरीवतास आदिलाई दृष्टिगत गर्दा पनि वैशाखले तेस्रो हप्तालाई पारगरि सकेको जस्तो अनुभूति हुन्छ। त्यस्तै विषुवन्नाम्नी तुलासंक्रान्ति पात्रोमा लेखिएको तुलासंक्रान्ति (कार्तिक १ गते) भन्दा २४ दिन अगाडि अर्थात आश्विन ७ गतेमा नै पर्नेहुन्छ।

अहिले समस्यामाआएको अर्को ज्वलन्त विषयछ–दक्षिणायन र उत्तरायण सवभन्दा लामोदिनमा सूर्यले ३ ऋतु (६ महिना) को लागि दक्षिणतिरकोवाटो अँगाल्छन्। अर्थात दक्षिणायनहुन्छ भने सवैभन्दा छोटोदिनमा ३ ऋतु (६ महिना) को निम्ति उत्तरतिरको वाटो समाउँछन्, अर्थात् उत्तरायण हुन्छ। वृहदारण्यकोपनिषद् तथा शतपथव्राहमणले यसको समर्थन यसरी गरेको छ।

अयते यात्यनेन ऋतुत्रयेण सूर्यो दक्षिणा SS शामुत्तराशांचेति ऋतुत्रयमयनम् । तथा चवाजसनेयिन:पञ्चग्निविद्यायांदक्षिणोत्तरमार्गयो:समामनन्ति।वृह. उप. ६/२/१६
यान् षण्मासान् दक्षिणादित्य एति। शत.व्रा. १४।९।१।१९
यान् षण्मासानुदगादित्य एति। शत.व्रा. १४।९।२८

सवभन्दा लामोदिन कर्कटसंक्रान्तिकोदिन र सवभन्दा छोटोदिन मकरसंक्रान्तिको दिन हुने हुँदा तिनै दुईदिनलाई क्रमश: दक्षिणायन र उत्तरायणको शुरुदिन मान्नु पर्ने शास्त्रीयनिर्णय छ तर २०६२ सालमा सवभन्दा लामोदिन असार ७ गते हुन्छ पात्रोमा "कर्कटे सायनार्क" भनी त्यसैदिन लेखिएको देखिन्छ। यस दिनलाई सायन कर्कटसंक्रान्ति दक्षिणायनारम्भभन्नु पर्ने हो त्यो भनिएको छैन "कर्कट संक्रान्ति: दक्षिणायनारम्भ:॥" भनेर चाहिं श्रावण १ गते शनिवारकादिनलेखिएको छ। यो संक्रान्ति भन्दा सायनकर्कट संक्रान्ति २४ दिन अगाडि पर्छ। सव भन्दा छोटोदिन पौष ७ गते हुन्छ "मकरे सायनार्क" भनी त्यसैदिन लेखिएको देखिन्छ। यस दिनलाई सायन मकरसंक्रान्ति उत्रायणराम्भ भन्नु पर्ने हो। त्यो भनिएको छैन "मकरसंक्रान्ति उत्तरायाणरम्भ" भनेर चाहि माघ १ गते शनिवारकादिन लेखिएको छ। यो संक्रान्ति भन्दा सायनमकरसंक्रान्ति २४ दिन अगाडि पर्छ। यस्तो समस्या ०६१,०६२ सालमा मात्र होइन धेरैवर्ष अगाडि देखि नै आइरहेको छ। २४ दिन अगाडि पर्ने संक्रान्तिलाई ज्योतिषीहरूले सायन संक्रान्ति र पछाडि पर्ने अहिले मनाइदै आएको सक्रान्ति लाई निरयणसंक्रान्ति भन्ने गरेको सुनिन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आकाशीय ग्रहस्थिति वा घटनासँग प्रत्यक्ष मिल्ने संक्रान्तिलाई सायनसंक्रान्ति र पञ्चाङ्गगणना गर्नको निम्ति वनाइएका पद्धतिबाट सोझै गणनागरि निकालिएका अहिले आकाशीय ग्रहस्थिति वा घटनासँग नमिल्ने संक्रान्तिलाई निरयणसंक्रान्ति भन्ने गरेको बुझिन्छ । जुनसमयमा आकाशीय ग्रहस्थिति र पद्धतिवाट गरिने गणनामा कुनै फरंक देखिएको थिएन त्यससमयमा सायनसंक्रान्ति र निरयणसंक्रान्तिभन्ने खलवल वा प्रश्न उठेकै थिएन गणनामा फरक नआएपछि उठ्ने कुरो पनि भएन। यस्तो निर्विवादको स्थिति शयौंवर्ष अगाडिमात्र थियो भन्नेकुरा ज्योतिष जान्नेहरूले भनेको सुनिन्छ । शयौंवर्ष पहिले साउनेसंक्रान्तिमानै सवभन्दा लामोदिन र माघे संक्रान्तिमानै सवभन्दा छोटो दिनहुने गर्थ्यो अर्थात् त्यसैदिन मानै साउनेसंक्रान्ति र माघेसंक्रान्ति मनाइन्थ्यो । त्यसोहुँदा त्यो वेलामा विवाद नआउनु सर्वथा स्वाभाविक हुन्छ । अहिले सायनसंक्रान्ति र निरयणसंक्रान्तिमा २४ दिनको फरक परेको छ यस्तोस्थितिमा झमेला नआउने त कुरै हुन सक्दैन ।

इतिहासविद् तथा ज्योतिषशास्त्रज्ञ स्वर्गीय नयराज पन्त ज्यू ले धनिष्टा नक्षत्रको पहिलो पाउमा सूर्य पुग्दा उत्तरायणको प्रारम्भ हुन्छ । त्यसमा सूर्य माघ २३ गते पुग्छन् । त्यसैदिन सवभन्दा छोटोदिन पनि हुन्छ । वेदाङ्गज्योतिषमा यही लेखिएको छ । वेदाङ्गज्योतिष ३००० वर्ष जति पुरानो देखिन आउँछ । त्यस्तै वराहमिहिरको समयमा सवभन्दा छोटोदिन माघ १ गते हुन्थ्यो त्यसैदिन उत्तरायणको प्रारम्भ हुन्थो, वराहमिहिर भएको अहिले पन्ध्रशय वर्षजति भयो भनी आफ्नो लिच्छविसम्वत्को निर्णय पृ. ९६,९७ मा स्पष्ट लेख्नु भएको छ ।

माथि उपस्थापित विवरणअनुसार १५ शय वर्षमा दिनरात वरावर हुनेदिन, सवभन्दा लामो हुनेदिन र सवभन्दा छोटो हुनेदिन २३, २४ दिन अगाडि आउँदोरहेछ भन्ने स्पष्ट ज्ञान हुन आउँछ । अझ तीनहज्जार वर्ष पुरानो वेदाङ्गज्योतिषलाई आधारमान्ने हो भने त सव भन्दा छोटो हुनेदिन ४६ दिन अगाडि आउने देखिन्छ । त्यसलाई आधार नमानी १५ शयवर्ष अगाडिका वराहमिहिरलाई आधार मान्दा पनि २३, २४ दिन अगाडि आउने त निश्चित छ । सवभन्दा छोटोदिन माघ २३ गते वाट माघ १ गते, माघ १ गते वाट पौष ७ गते हुने देखिन आएकोले अयनविन्दु निश्चितरूपमा अगाडिसर्ने नै रहेछ भन्ने स्पष्ट हुन्छ । त्यस्तै विषुवद्दिन पनि २४ दिन अगाडिसर्ने कुरा माथि नै उल्लेख भइसकेको छ ।

यसरी विषुवद्दिन वैशाखसंक्रान्ति र कार्तिकसंक्रान्ति अयनदिन साउनेसंक्रान्तिर माघेसंक्रान्ति अगाडिसर्दा हामीले मान्दैआएका शास्त्रनिर्दिष्ट चाडपर्व मनाउन निकै असजिलो पर्ने भएको छ । शास्त्रविहित चाडपर्व शास्त्रोक्त दिनमानै मनाउनुपर्ने हुन्छ । मनाउने दिन ठीक नहुँदा त्यसवाट प्राप्तहुनुपर्ने फल प्राप्तहुँदैन । अतः सो दिन २४ दिन अगाडि हो वा पछाडि हो भन्ने कुराको शीघ्र टुङ्गो लगाउनु नितान्त जरुरी भएकोछ ।

अन्य आठवटा संक्रान्तिभन्दा विषुवतसंक्रान्तिर अयनसंक्रान्ति विशेष मानिन्छन् । यी संक्रान्तिमा विहित स्नान, दान, जप, हवन, पाठपूजा,श्राद्धतर्पणादिशास्त्रीय कृत्य पनि विशेषरूपले नै गर्नु पर्ने हुन्छ र हाम्रो परम्परामा गर्नेचलन पनि छ ।

मेष संक्रमणे भानोः सोपवासो नरोत्तम ।
पूजयेद् भार्गवं देवं रामं शक्त्या यथाविधिः । वि.ध.पु. ३।१९९।१
अथातः संप्रवक्षामि धान्यव्रतमनुत्तमम् ।
अयने विषुवे चैव स्नानं कृत्वा विचक्षणः॥ कालमाधव पृ.२९
अयने विषुवे चैव चन्द्रसूर्यग्रहे तथा।
कृतोपवास सुस्नातः सर्वपापैः प्रमुच्यते ॥ व्रहमाण्डपुराण

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यस्ता कृत्यले आयु, आरोग्य, सन्तान, विद्या, वृद्धि, धन, सुखशान्ति आदिप्रदान गर्नुका साथै निष्पाप वनाउँछन् र अनमोल जीवनलाई सार्थकता एवं उत्कृष्टतामा पुऱ्याउँछन् । मानिसमा शुद्धता सत्यता, सच्चरित्रता, नैतिकता, इमान्दारिता, निश्छलता, निष्कपटता निर्मलता आदि महिष्ठ गुण पनि समुदित गराउँछन् । त्यसैले निर्दिष्टकृत्य गर्नुपरेको हो । यिनकाअतिरिक्त विषुविग्रनेहरूले विषुवत्संक्रान्तिमा विषुशान्ति पनि गर्नुपर्ने विधान छ । त्यस्तै साउने संक्रान्तिमा देवविशेष कण्डारकको पूजागरी उल्काप्रक्षेपणगर्ने लूतोफाल्ने विशेष खानाखाने आदि काम गरिन्छन् भने माघेसंक्रान्तिमा स्नान, दान, हवनादि गरी तिलकलगाउने महिनासुन्ने घिउ, चाकु तरुलआदिखाने गरिन्छ तरुलादि वस्तु पनि पुसमा उसिनेको वा पकाएको माघमा खाने परम्पराछ । यस्ता अवश्यकर्तव्य कृत्य सायनसंक्रान्ति वा निरयण संक्रान्तिकुनदिन गर्ने हो टुङ्गो लगाउनुको साथै वैशाख १ गते मनाउने गरेको नववर्षारम्भको दिन पनि निधो गर्नु पर्छ ।

पुन: वैशाखसंक्रान्ति २४ दिन अगाडि चैत्रमा सरेको खण्डमा शास्त्रीयमर्यादा अनुसार वैशाखमा गरिने विवाह आदि शुभकार्य शास्त्रनिषिद्ध चैत्रमा गर्नुपर्ने हुनआउँछ त्यस्तै माघेसंक्रान्तिपुसमा सर्दा माघमा निश्चितरूपमा विहित विवाह, व्रतवन्ध, देवतास्थापन, देवप्रतिष्ठा आदि कार्य निषिद्ध महिना पुसमा गर्नुपर्नेहुन जान्छ । साउनेसंक्रान्तिअसारमा मान्नुपर्दा असारमा गर्न पाइने विवाह व्रतवन्धादि कुनैपनि कर्मगर्न नपाइने हुन्छ । अत: चित्रा, विशाखा आदि नक्षत्रका नाम वाट समुद्भव चैत्र, वैशाख आदि महिना विशेषमा पक्ष एवं तिथि मिलेका चान्द्रमानका आधारमा मनाइने शास्त्रसिद्ध एवं शाश्वत रामनवमी, कृष्णाष्टमी, शिवरात्री, वुद्धजयन्ती, तीजपञ्चमी श्रीपञ्चमी, जनै पूर्णिमा, दशैं, तिहार आदि व्रतपर्वउत्सवहरू वाहेक अन्य नववर्षादि शास्त्रले, विधिनिषेध नगरेका सौरमानका आधारमा मनाइने लौकिक चाडवाड चाहिं अगाडि सरेका दिनका हिसाववाट पर्न आउने दिनमा मनाउँदा पनि शास्त्रीय मर्यादामा कुनै वाधा पर्ने देखिदैन ।

अयनविन्दु र विषुवतविन्दकादिन अगाडिसर्दा व्रतोत्सवादि चाडवाडका दिन पनि सर्नुपर्छ र त्यसमा सुधार आउनु पर्छ भन्ने किसिमका जुन कुरा अहिले तीव्र रूपमा उठिरहेकाछन् । त्यसमा शास्त्रमर्मज्ञ विशिष्टविद्वानहरू, वैज्ञानिकविद्वानहरू, लब्धप्रतिष्ठित व्यक्तिहरू समेत वसी व्यापक एवं गम्भीर छलफलगरी सनातन शास्त्र सिद्धान्तमा आघात नपर्नेगरी टुङ्गोमा पुग्नुपर्ने हुन्छ । पुरातनकालदेखि शास्त्रीय मर्यादाका आधारमा शास्त्रनिर्दिष्ट तिथिमितिमा चल्दै र मनाइदै आएका चाडवाडहरूको सुधारको निर्णय हल्का तरिकाले हतारमा हचुवाकोभरमा गर्न मिल्दैन ।

अनादि कालदेखि प्रचलित एवं आचारित शास्त्रीय व्रतपर्व मनाउने दिनको निर्णय हचुवाको भरमा हल्काशोचाइ राखेर गर्न हुँदैन । यो यथार्थ हो, सत्यहो । तथापि अहिलेको वैज्ञानिकयुगमा मानिसहरू चलनचल्ति र आस्थाकाभरमा मात्र सवैकुरामा विश्वास गर्दैनन् । प्रत्यक्षप्रमाणको खोजीगर्छन्, चाहनाराख्छन् । तदनुरूप आकाशीय ग्रहास्थितिसँग सर्वथा मिल्ने प्रत्यक्षप्रमाणको आधारमा अयनसंक्रान्ति र विषुवत् संक्रान्ति २४,२४ दिन अगाडिसर्ने देखिएको छ । त्यस्तो देखिएपछि व्रतपर्वादि चाडवाड पनि निश्चितरूपमा सर्नुपर्छ भन्ने हाम्रो समाजमा जोडदारमाग आइरहकोछ । यो मागआउनु कुनै अस्वाभाविकहोइन, सर्वथा स्वाभाविक हो । यो माग अहिले यहाँ समस्याको रूपमा उपस्थित भएकोछ । यो समस्या अहिलेमात्र उठेको होइन वराहामिहिरको समय देखि शुरु हुँदै आएको वुझिन्छ । अहिले आएर यसले तीव्ररूप लिएको देखिन्छ । यस्तोरूप लिनपुगेको स्वाभाविक समस्याको समाधान आजसम्म हुनसकेको छैन । सनातन धर्मानुयायीहरूको वाहुल्य रहेको, वैदिकपरम्परा धर्मसंस्कृतिले प्राथमिकता पाएको, पशुपतिनाथसनाथित, परमपवान आर्यतपोभूमि, यज्ञीयदेश नेपालजस्तो देशमा आउनै नपर्ने समस्या आइसकेपछि पनि समाधान हुन नसक्नु चिन्ताकोविषय हुनपुगेकोछ । यसवाट शास्त्रीय व्रतपर्व आदिमा आस्था, निक्ठा र विश्वासराख्ने जनहरू अन्यौलमा परेकाछन्, हिविधामा डुवेकाछन् । यो अवस्थावाट उनीहरूलाई चाँडो भन्दा चाँडो मुक्तिदिनु नितान्त जरुरी भएकोछ । यो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अवश्यकर्तव्य कार्य कुनव्यक्ति, समूह वा निकायले कसरी र कहिले गर्नुपर्ने हो त्यसको ठोस निर्णय यो गोष्ठीले अवश्य गर्नेछ भन्ने दृढविश्वास लिइएको छ ।

मेरो आफ्नोधारणा अनुरूप तयार गरिएको यो पत्रको ठीक वेठीक छुट्टयाउने सम्पूर्ण कामको जिम्मा विद्वानहरूलाईनै दिइएको छ । प्रस्तुत विषय अगाध एवं अतिव्यापक हुनुका साथै मार्मिक तथा सम्वेदनशील पनि छ । यस्तो विषयमा अवधारणापत्र तयार गर्ने काममा स्वल्पमति म वाट पूर्णता आउननसक्नु स्वभाविकै हुन जान्छ । तथापि सामान्य चिन्तन, मनन, एवं प्रयास यसमा गरिएको छ त्यसो गर्दा गर्दै पनि केही कमी कम्जोरी वा त्रुटी यहाँ अवश्य हुन सक्लान् भएको भए गुणैकपक्षपाति विद्वानहरू अवश्य क्षमान्वित हुनेछन् भन्ने आशा एवं विश्वास लिइएको छ ।

अन्तमा यस्तो गहनतम विषयमा अवधारणापत्र तयार गरी प्रस्तुत गर्ने कामको जिम्मा मलाई दिनु भएकोमा गोष्ठिआयोजना उपसमितिका संयोजक श्री हरिनारायणमल्ल ज्यूलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

Acc.582/५८२

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu